




# A PATHWAY TO PEACE

## सहभागिताको ढाँचा

## शान्ति निर्माणको आगामी विकासका लागि


HUMANITY UNITED

अक्टोबर 2025

विषय सूची

# A PATHWAY TO PEACE

सहभागिताको ढाँचा




03 मूलभूत सारांश

06 परिचय

10 चुनौतीहरू र परिवर्तनहरू

14 भविष्यको लागि परिकल्पना

18 नयाँ परिकल्पनाको मार्ग

18 शान्ति प्रक्रियामा संलग्न सबै पक्षका लागि सुझाव

21 द्विपक्षीय दाताहरूको लागि सुझाव

24 परोपकारीका लागि सुझाव

28 मध्यस्थकर्ताहरू - आईएनजीओ'का लागि सुझाव

32 शान्ति निर्माणकर्ताहरूका लागि सुझाव

# मूलभूत सारांश

**शान्तिको बाटो: शान्ति निर्माणको आगामी विकासका लागि सहभागिताको ढाँचा** शान्ति निर्माणका लागि नयाँ तरिकाले मिलेर काम गर्न चाहने दूरदर्शी र नीति निर्माणकर्ताहरूको लागि तयार रणनीतिक खाका हो।

## यो ढाँचा तयार पार्ने व्यक्ति/निकाय:

**135**
निकटतम शान्ति निर्माणकर्ताहरू

समग्र
**37**
देशहरू

बाट
एउटा विश्वव्यापी**सर्वेक्षणरफोकस समूहहरूबाट**

निकटतम शान्ति निर्माणकर्ताहरू शान्ति निर्माणलाई राजनीतिक विषय मान्दै यसकालागि निरन्तर प्रयासको आवश्यकता रहने ठान्दछन्। विकास र मानवीय क्षेत्रहरूमा शान्ति निर्माणलाई धेरै लामो समयदेखि अलग राखिएको उनीहरूको विश्वास छ। यसैबीच, शान्ति निर्माणका लागि अहिंसात्मक सामाजिक आन्दोलनहरूले राजनीतिक वातावरण सिर्जना गर्न खेलेको भूमिकालाई नजरअन्दाज गरिएको छ।

इतिहासको यो क्षणले दीर्घकालीन र विश्वासमा आधारित सम्बन्धहरूद्वारा लामो समयसम्म कायम रहने न्यायपूर्ण प्रणालीको पुनर्निर्माण गर्ने अवसर प्रस्तुत गर्दछ। शान्ति निर्माण गर्ने निकटतम पक्षहरू र सहयोगीहरू पारस्परिक जवाफदेहिताले अझ व्यवस्थित र प्रभावकारी परिवर्तन ल्याउने विश्वास गर्छन्। यस ढाँचालाई लागू गर्दा सन्दर्भअनुसार समायोजन गर्नुपर्ने हुन्छ र यो विभिन्न भौगोलिक क्षेत्रहरूमा फरक देखिन सक्छ। निकटतम शान्ति निर्माणकर्ताहरूले ढाँचाको कार्यान्वयन सुरुमा चुनौतीपूर्ण हुन सक्ने तर समयसँगै सहकार्यका नयाँ बाटाहरू खुल्दै जाने स्वीकार गर्छन्। निकटतम शान्ति निर्माणकर्ताहरू, अभियन्ताहरू र सहयोगीहरूले निम्न दृष्टिकोण, निर्देशनका सिद्धान्तहरू र कार्यान्वयन मापदण्डहरू प्रस्ताव गरेका छन्।

## दूरगामी लक्ष्य

हामी केका लागि काम गर्दैछौँ

एउटा यस्तो प्रणाली जहाँ शान्ति निर्माणको काम स्थानीय नेतृत्वमा आधारित हुन्छ, र त्यो काम समुदायको क्षमता तथा सन्दर्भअनुसार फरक हुन्छ। यसलाई पारस्परिक जवाफदेहितामा आधारित दीर्घकालीन सहयोगी साझेदारी र गठबन्धनहरू निर्माण गरेर दिगो बनाइन्छ। हाम्रो उद्देश्य अझ राम्रो, न्यायोचित र सबैलाई समेट्ने संसार बनाउनु हो।

| निर्देशनका सिद्धान्तहरू | सुझावहरू |
| --- | --- |
| कामलाई के ले निर्देशित गर्छ | हामीले दूरगामी लक्ष्य कसरी प्राप्त गर्छौं |
| शान्ति निर्माण सांस्कृतिक र परिवेश सुहाउँदो प्रयास हो। | दीर्घकालीन शान्ति सुनिश्चित गर्नका लागि ठूला सामाजिक अन्याय र उत्पीडनका सङ्घर्षहरूसँगै समन्वय गरी शान्ति स्थापनाको काम अगाडि बढाउनुहोस्। |
| निर्णय प्रक्रियाहरू समावेशी हुन्छन् र दीर्घकालीन तथा दिगो साझेदारीहरूलाई बढावा दिने लक्ष्य राख्छन्। | शान्ति निर्माणको प्रयासलाई सबै क्षेत्र, अभियान र सहकार्य समूहहरूमा एकीकृत गरेर अगाडि बढाउनुहोस्। |
| विभिन्न पक्षहरूबीचको सम्बन्ध र साझेदारीहरू आपसी सम्मान, विश्वास र खुलस्त हुने साझा सिद्धान्तमा आधारित छन्। | समुदाय र मानिसहरूलाई सांस्कृतिक रूपमा आधारित, हेरचाहमा आधारित, र अहिंसात्मक संयन्त्रहरू मार्फत सहकार्यको नेतृत्व गर्न र द्वन्द्व समाधान गर्न सहयोग गर्नुहोस्। |
| स्रोतहरूकार्यान्वयनको जिम्मेवारीको आधारमा वितरण गरिन्छ, र शान्ति निर्माणकर्ताहरूले कार्यक्रमको प्रक्रिया र प्राप्त नतिजाको लागि समुदाय र दातृ निकायहरूप्रति जवाफदेही हुनुपर्छ। | शक्ति बाँडफाँडको सिद्धान्तमा आधारित र सबैको साझा तथा आपसी स्वार्थका लागि बनाइएका सहकार्यहरू निर्माण गर्नुहोस्। |
| सिकाइ र ज्ञानको सिर्जना मा शान्ति निर्माणकर्ताहरू, अन्तर्राष्ट्रिय पक्षहरू, लगानीकर्ताहरू र समुदायहरूबीच जीवन्त अनुभव र अभ्यासहरूको आदानप्रदान हुन्छ। | शान्ति निर्माणलाई धैर्यता, विश्वासको स्थापना र दिगो प्रतिबद्धतामा आधारित दीर्घकालीन प्रक्रियाको रूपमा लगानी गर्नुहोस्। |

# ढाँचाको लागि मापदण्ड निर्धारण

यी सुझावहरूले तत्काल समाधानभन्दा बाहिरको दीर्घकालीन सोचमा आधारित दृष्टिकोणलाई झल्काउँछन्। यसलाई कार्यान्वयनमा ल्याउन पाँचदेखि दश वर्षसम्मको समय लाग्न सक्छ। यसले विदेशी सहायता प्रणालीलाई सुधार गर्नका लागि सबै सरोकारवालाहरू र शान्ति निर्माणकर्ताहरूलाई विभिन्न तहमा मिलेर काम गर्न आवश्यक ठान्नेछ। यस ढाँचाको सफल कार्यान्वयनका लागि स्थान वा प्रभावको पहुँचलाई ध्यान नदिइकन, सबै शान्ति निर्माणकर्ताहरू, अभियन्ताहरू र सहयोगीहरूबाट अटल प्रतिबद्धता आवश्यक हुनेछ। यो ढाँचा शान्ति निर्माणको लागि सबै पात्रहरूले मिलेर काम गर्न आवश्यक छ भन्ने बुझाइमा आधारित छ।

हामी तपाईंलाई ढाँचामा सामेल हुन र द्विपक्षीय दाताहरू, परोपकारी संस्थाहरू, अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू, र निकटतम शान्ति निर्माणकर्ताहरू जस्ता सरोकारवालाहरूले तयार पारेका सुझावहरू अध्ययन गर्न आग्रह गर्दछौं।

## मुख्य शब्दावली[1]

हाम्रो काम पछाडिका शब्दहरू

आपसी जवाफदेहिता: लगानीकर्ताहरू र गैर-नाफामूलक संस्थाहरूले एक-अर्कालाई आफ्नो काम, प्रतिबद्धता र निर्णयहरूको लागि जिम्मेवार ठान्ने अवस्था, र अर्को पक्षलाई असर पार्ने कुनै परिवर्तन वा फेरबदललाई स्पष्टताका साथ जानकारी दिन तयार रहने अवस्था। विश्वासमा आधारित परोपकारमा, सेवा गरिरहेका समुदायहरूप्रतिको साझा जिम्मेवारीको भावनाले आपसी जवाफदेहितालाई थप मजबुत बनाउँछ।

शान्ति निर्माण: दिगो शान्तिको वातावरण बनाउन सहयोग पुर्याउन समाजका सबै तहका मानिसहरूले लिने कदम तथा प्रक्रियाहरू।

शान्ति निर्माण गर्ने निकटतम पक्षहरू: द्वन्द्वबाट सबैभन्दा नजिक र बढी प्रभावित व्यक्तिहरूलाई जनाउनु - यसमा पेशागत र संस्थागत मानिसहरू मात्र नभई हरेक उद्योग, अनुभव र परिवेशका ती आम नागरिक पनि पर्दछन् जो आफ्नो समुदायको द्वन्द्वलाई आफैं समाधान गर्न अग्रसर हुन्छन्।

# परिचय

सन्दर्भ

बढ्दो असमानता, कमजोर सहायता र खस्कँदो विश्वासले निम्त्याउने हिंसाका नयाँ चक्रहरूले गर्दा शान्ति निर्माण एउटा निर्णायक मोडमा छ जसकारण दीर्घकालीन शान्तिका प्रयासहरूमा अवरोध उत्पन्न भएको छ।

उत्तर अमेरिकी र युरोपेली सरकारहरू मानवीय सुरक्षाका एजेन्डाहरूलाई कार्यान्वयन गर्न र त्यसमा लगानी गर्नबाट पछि हट्दैछन्। यसको सट्टा, सरकारहरूले आफ्नो सैन्य बजेट बढाएर आफ्ना सिमाना र राष्ट्रिय हितहरू सुरक्षित गर्दैछन्। विगत पाँच वर्षको अवधिमा द्वन्द्वको अवस्था झन्डै दुई गुणाले वृद्धि भएको छ।[2] हालै भएका सम्झौताहरू लेनदेनमा आधारित, छोटो अवधिका छन् र द्वन्द्वको मूल कारणहरूलाई सम्बोधन गर्न असफल भएका छन्।[3] वर्तमान विश्वका जटिल चुनौतीहरूको सामना गर्नका लागि अन्तर्राष्ट्रिय कानूनी संयन्त्र र बहुपक्षीय निकायहरूले द्रुत गतिमा आफूलाई बदल्न सकेका छैनन्। मानिसहरू बढ्दो गरिबी, बढ्दो असमानतामा र जलवायु परिवर्तनका असरहरूसँग जुधिरहेका छन्। यी सबै भइरहँदा, एकातिर स्रोत दोहन गर्ने अर्थतन्त्रले मुट्ठीभर व्यक्तिहरूको लागि विशाल सम्पत्ति उत्पादन गरिरहेका छन् भने अर्कोतिर सामाजिक परिवर्तनको लागि दिइने आर्थिक सहयोग घट्दै गएको छ।

उत्तर अमेरिकी र युरोपेली सरकारहरूले विदेशी सहायतामा अत्यधिक कटौती गर्नाले संरचनागत र सामुदायिक तहमा शान्ति प्रक्रिया निर्माण गर्ने गतिलाई कमजोर बनाएको छ। यसले समुदाय एवम् हिंसात्मक द्वन्द्व रोक्न, अन्यायलाई सम्बोधन गर्न र स्वस्थ समाजको पुनर्निर्माण गर्न रुचि राख्ने निकटतम शान्ति निर्माणकर्ताहरूबीचको विश्वास घटाएको छ।[4]शक्तिको अभाव र बढ्दो मानवीय आवश्यकताहरूले विद्यमान गरिबी र असमानतालाई अझ बढाउने सम्भावना छ। नसुल्झिएका सामुदायिक द्वन्द्वहरू आर्थिक अस्थिरतासँग जोडिँदा मानिसहरूमा असन्तुष्टि पैदा हुन सक्छ र हिंसा नै द्वन्द्व सुल्झाउने ठीक तरिका हो भन्ने विश्वास स्थापना हुन सक्छ। निकटतम शान्ति निर्माणकर्ताहरूले विभिन्न भौगोलिक क्षेत्रहरूमा अधिनायकवादको उदय, नागरिक समाजको सङ्कुचन र मानिसहरूबीचको बढ्दो विभाजनलाई महसुस गरेका छन्। विश्व र स्थानीय दुवै तहमा देखिएको अनिश्चितताको अवस्थाले मानिसहरूबीच विभाजन र एक्लै रहने प्रवृत्तिको विकास भएको छ। द्वन्द्वलाई बिग्रँदै लैजानका लागि अनुकूल परिस्थितिहरू निर्माण भइरहेका छन्।

जुलाई **2025** मा Humanity United ले शक्ति समीकरण, लगानीको अवस्था र भविष्यको सुझावहरू लिनका लागि निकटतम शान्ति निर्माणकर्ता र अन्य व्यक्तिहरूसँग परामर्श गर्न विश्वव्यापी सर्वेक्षण सञ्चालन गरेको थियो। शान्ति निर्माणकर्ताहरूले यो नाजुक समयमा समग्ररूपमा शान्ति निर्माणका लागि आवश्यक सहयोग र लगानीको कमी भएको कुरा औंल्याए। जुलाई **2025** सम्म कम्तिमा **14** संस्थाहरूले आफ्नो कोष समाप्त भएको रिपोर्ट गरेका थिए।[5]सर्वेक्षणको नतिजा अनुसार **44%** सहभागीहरूको डिसेम्बर **2025** सम्ममा कोष बाँकी नरहने अनुमान छ।[6]

यो निराशाजनक अवस्थामा पनि आशाका अवसरहरू छन्। भौगोलिक भिन्नताका बाबजुद र अत्यधिक दबाबका बीचमा पनि मानिसहरू सङ्गठित भइरहेका छन्।[7]उनीहरू विभिन्न अभियानहरूमा सामेल भइरहेका छन्। उनीहरू स्थानीय द्वन्द्वहरू सुल्झाउन, सम्बन्धहरू बलियो बनाउन र शान्ति निर्माणका पहलमा जोड दिन केन्द्रित छन्।[8] आजभोलि द्वन्द्वलाई विभिन्न कोणबाट केलाइन्छ जसले जातीयवाद, निरङ्कुशता, उपनिवेशवाद, र पूँजीवादको प्रभाव तथा तिनीहरूको आपसी सम्बन्धलाई स्पष्ट पार्छ। मानिसहरू अनिश्चित समयमा एकताको शक्ति बन्न सक्ने शान्ति, सुरक्षा र ग्यारेन्टीको साझा दृष्टिकोण सिर्जना गर्दैछन्।

> *यो समयको मागअनुसार शान्ति निर्माणको काम अगाडि बढाउने हो भने, यो भित्र सञ्चालन हुने प्रणालीहरूबारे **अझ बढी साहसी, अझ बढी यथार्थपरक र अझ बढी इमानदार** हुन जरुरी छ।"*
>
> परोपकारी संस्था, केन्या

## शान्ति निर्माण किन आवश्यक छ?

कमजोर र द्वन्द्वग्रस्त क्षेत्रहरूमा गरिबीको सङ्ख्या झन्-झन् बढ्दै गएको छ। आगामी दशकभित्र अत्यधिक गरिबीमा बाँचिरहेका **40** करोड मानिसहरू द्वन्द्वग्रस्त क्षेत्रहरूमा रहने अनुमान गरिएको छ।[9] गम्भीर द्वन्द्वले पाँच वर्षभित्र प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन (जीडीपी) लाई **15%** सम्मले घटाउन सक्छ।[10] युद्धको मूल्य मानविय पीडामा मात्र नभई भौतिक विनाशमा पनि झल्किन्छ। शान्ति निर्माणको काम कम खर्चिलो र जीवन बचाउने प्रयासको रूपमा जारी छ। अहिंसात्मक तरिकाबाट गरिने युद्ध र द्वन्द्वको रोकथामले जीडीपीको वृद्धिमा सहयोग पुर्याउँछ र ठूलो मात्रामा हुने बाध्यकारी बसाइँसराइलाई रोक्छ। द्वन्द्व रोकथाममा खर्च गरिएको प्रत्येक **1** अमेरिकी डलरले मानवीय र सुरक्षा लागतमा **103** डलरको बचत गर्दछ।[11] इन्स्टिच्युट फर इकोनोमिक्स एण्ड पीसले शान्ति बढ्दा यसले पर्याप्त आर्थिक सुधार ल्याउन सक्ने र स्रोतहरूलाई उच्च प्रतिफल दिने तथा जीडीपी बढाउने गतिविधिहरूमा प्रयोग गर्न सकिने तर्क गर्छ।[12]

एउटा नयाँ ढाँचाले विश्वास, अधिकार र सामुदायिक विशेषज्ञताको जगमा सहायताको पुनर्निर्माण गर्ने मौका दिन्छ। विदेशी सहायता प्रणालीले आजको तुलनामा धेरै ठूलो प्रभाव पार्न सक्छ। ऐतिहासिक रूपमा, शक्तिको असन्तुलन र दीर्घकालीन आर्थिक स्रोतहरूमा सीमित पहुँचका कारण द्वन्द्वको सबैभन्दा नजिक रहेकाहरू दिगो समाधान सिर्जना गर्ने महत्त्वपूर्ण भूमिकाबाट वञ्चित थिए। समुदायका आवश्यकताहरू र स्थानीय नेतृत्वको आवाज प्रायः सुनिएको थिएन। कर्मचारीतन्त्रको भाषा र अफ्ठ्यारा प्राविधिक शब्दहरूसहित स्थिर मापन विधिहरूले द्वन्द्वबाट सबैभन्दा बढी प्रभावित व्यक्तिहरूलाई महत्त्वपूर्ण संवाद र जवाफदेहिताको प्रक्रियाबाट बाहिर राख्यो। मुखले भनिएका परम्परागत कुरा, कथा र स्थानीय भाषाको जानकारीलाई रेकर्ड गरिएन वा तिनको कदर गरिएन। स्थानीय गतिशीलता पूर्ण रूपमा बुझिएको थिएन र कतिपय अनुमानहरू कहिलेकाहीँ गलत तरिकाले विकसित गरिएका थिए। यसले गर्दा शान्ति निर्माण कम प्रभावकारी रहन गयो।

निकटतम शान्ति निर्माणकर्ताहरू र अभियन्ताहरूसँग शान्ति निर्माणका गतिविधिहरू डिजाइन गर्ने, कार्य योजनाहरू निर्धारण गर्ने, बजेट नियन्त्रण गर्ने, वा मूल्याङ्कन तथा सिकाइ प्रक्रियाहरूमा सक्रिय रूपमा संलग्न हुने अधिकार थिएन। यद्यपि, उनीहरूले नै कामहरू लागू गर्ने र समुदायहरूसँग सम्बन्ध कायम राख्ने जिम्मेवारी लिनुपर्थ्यो। यो काम प्रायः आफ्नो ज्यानको ठूलो खतरा मोलेर र अनिश्चित काम गर्ने अवस्थाहरूमा गरिन्थ्यो।

स्थानीयकरण एजेन्डा (2015–2025) कार्यान्वयन गर्न हालै गरिएको प्रयासले वैदेशिक सहायताको मान्यतामा क्रमिक परिवर्तन ल्याउन आह्वान गरेको छ। यस अवधिमा स्थानीयकरण, स्थानीय नेतृत्वको विकास, र समावेशीता जस्ता मुख्य विषयवस्तुहरूको परिभाषामा सुधार आएको छ। यसले अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरू (आईएनजीओ) र तिनका साझेदारहरूलाई नयाँ ढाँचाहरू परीक्षण गर्न र काम गर्ने नयाँ सम्भावित तरिकाहरूको परिकल्पना गर्ने मौका दियो।[13]यसले संस्थाहरूभित्र छलफल गर्ने वातावरण सिर्जना गरायो र केही सङ्गठनात्मक सुधारहरू पनि सुरु गर्‍यो। यद्यपि, स्थानीयकरणको योजना जवाफदेहिताको साँघुरो परिभाषाले गर्दा अगाडि बढ्न सकेन।[14]

सम्बन्धहरू करार सम्झौताहरूद्वारा बाँधिएका हुनाले सबैलाई माथिल्लो तहमा जवाफ दिनुपर्थ्यो र द्विपक्षीय तथा बहुपक्षीय दाताहरूको जोखिम घटाउन बिचौलियामा भर पर्नुपर्थ्यो। यो सीमितताले वैधानिक रूपमा शक्ति हस्तान्तरण गर्ने, द्वन्द्वले प्रभावित समुदायहरूलाई बोल्ने मौका दिने, र दिगो स्वामित्व स्थापित गर्ने प्रणालीलाई साथ दिएन।[15]

यो समय समुदायको क्षमता र विशेष ज्ञानमा आधारित, लामो समय टिक्ने र विश्वासमा अडिएको सम्बन्धबाट चल्ने अझ प्रभावकारी विदेशी सहायता प्रणालीको पुनर्निर्माण गर्ने अवसर हो।

सामूहिक प्रक्रियामार्फत द्वन्द्वग्रस्त देशका निकटम शान्ति निर्माणकर्ताहरूले शान्ति निर्माणको आगामी दशकका प्राथमिकताहरू निर्धारण गरे। स्थानीयकरण एजेन्डाको एउटा महत्त्वपूर्ण मोडमा, अक्टोबर 2024 मा Humanity United ले निम्न लक्ष्यहरू राख्यो: (1) शान्ति निर्माण अभ्यासकर्ताहरूसँग अर्थपूर्ण र उद्देश्यपूर्ण रूपमा संलग्न हुने, (2) शान्ति निर्माण र अन्तर्राष्ट्रिय सहकार्यका प्राविधिक पक्षहरूमा स्पष्ट छलफलका वातावरण तयार गर्ने, र (3) शान्ति निर्माण क्षेत्रको लागि एउटा नयाँ सहभागिताको ढाँचा बनाउन सहयोग गर्ने।

Humanity United ले 6 वटा द्वन्द्व प्रभावित राष्ट्रहरूका 9 जना शान्ति निर्माणकर्ताहरूलाई जम्मा गरी ढाँचा निर्माणलाई अगाडि बढाउन एउटा स्टीयरिङ (सञ्चालक) कमिटी गठन गर्‍यो। स्टीयरिङ कमिटीका सदस्यहरूलाई नेटवर्क संस्थाहरू र Humanity United का कर्मचारीहरूद्वारा मनोनीत गरिएको थियो। उनीहरूलाई शान्ति निर्माणका गतिविधिहरू कार्यान्वयन गर्ने नेतृत्व क्षमताको आधारमा छनोट गरिएको थियो। उक्त सञ्चालक समितिले अनुसन्धानका लागि एउटा ढाँचा तयार पार्‍यो र अनुसन्धानका प्रश्न तथा नतिजाहरू सही छन् भनी पुष्टि गर्‍यो। उनीहरूले सुझावहरूलाई प्राथमिकता दिए। 135 भन्दा बढी निकटतम शान्ति निर्माणकर्ताहरू र साझेदारहरूसँग पनि 6 वटा फरक-फरक विषयमा दुई-दुई घण्टाको समूह छलफल, विश्वव्यापी सर्वेक्षण र मुख्य सूचनादाताको अन्तर्वार्तामार्फत परामर्श लिइएको थियो। यसबाहेक, मध्यस्थकर्ताको भूमिकामा रहेका 16 वटा आईएनजीओसँग दुई घण्टा लामो दुईवटा राउन्डटेबल बैठक आयोजना गरिएको थिए।

यस प्रक्रियामा सहभागी सबैलाई भविष्यको लागि उनीहरूको दृष्टिकोण सोधिएको थियो। राज्यहरूको अस्तित्व निरन्तर कायम रहनेछ र केही द्विपक्षीय सरकारहरूले विदेशी सहायतामा लगानी गर्नेछन् भन्ने अनुमान गरिएको थियो। निकटतम शान्ति निर्माणकर्ताहरू र अभियन्ताहरूले शान्ति निर्माणका पहलहरू कार्यान्वयन गर्दा आफूले सामना गरेका वर्तमान चुनौतीहरू स्पष्ट पारे। सबै सहभागीहरूलाई शान्ति निर्माणको भविष्य सुधार्नका लागि पाँचदेखि दश वर्षभित्र लागू गर्न सकिने तर दूरगामी महत्त्व राख्ने सुझावहरू प्रस्तुत गर्न आग्रह गरिएको थियो।

यो सहभागिता ढाँचा लोकतन्त्रको शक्ति र जन-जनबीचको सहभागितामा विश्वास राख्ने निर्णयकर्ताहरू र संस्थाहरूका लागि हो। यो ढाँचा सहायता प्रणालीभित्र आफ्नो भूमिकामाथि गहिरो रूपमा विचार गरिरहेका र परिवर्तनको दिशा लिइरहेका शान्ति निर्माणकर्ताहरूको लागि हो। यसमा नीति निर्माणकर्ताहरू, सरकार तथा मानवीय सुरक्षा र लोकतन्त्र तथा जन-जनबीचको सहभागितामा कोष उपलब्ध गराउने सहयोगी दाताहरू समावेश छन्। यो ढाँचा विदेशी सहायता प्रणाली र शान्ति प्राप्त गर्न हामीसँगै मिलेर काम गर्ने तरिकालाई रूपान्तरण गर्न लागिपरेका सबै पक्षहरू र सहयोगीहरूका लागि हो।

हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई पुनः परिभाषित गर्ने र सहकार्यको नयाँ प्रणाली स्थापित गर्ने यो एउटा दुर्लभ अवसर हो भन्ने कुरामा Humanity United विश्वस्त छ। यो एउटा ग्रासरूट (जनस्तर) तहबाट बनेको खाका हो र यसले द्वन्द्वको सबैभन्दा नजिक रहेकाहरूलाई केन्द्रमा राख्दै नयाँ सहकार्यको खोजी गर्दछ। यसले निकटतम शान्ति निर्माणकर्ता र अभियन्ताहरूको सामूहिक विवेकलाई सङ्कलन गरी, शान्ति निर्माण साझेदारीलाई अझ समावेशी, गतिशील, उत्तरदायी र साझा जवाफदेही बनाउने उनीहरूका प्रस्तावित मार्गहरूलाई दस्तावेज गर्दछ। यो दूरदृष्टिमा आकाङ्क्षी भएता पनि व्यावहारिक सुझावहरूमा आधारित छ।

# चुनौतीहरू र परिवर्तनहरू

विदेशी सहायता प्रणालीलाई बदल्नका लागि शान्ति निर्माणको लक्ष्यलाई सम्मान गर्नुका साथै यसका कमजोरी र कहिलेकाहीँ हुने नोक्सानका पक्षहरूलाई पनि आलोचनात्मक ढंगले मूल्याङ्कन गर्नुपर्छ।

शान्ति निर्माणको गतिविधि हजारौं वर्षदेखि चल्दै आए पनि, यस प्रतिवेदनमा व्याख्या गरिएअनुसारको आधुनिक शान्ति निर्माण क्षेत्र शीतयुद्धको अन्त्यपछि अन्तर्राष्ट्रिय सहायता प्रणालीभित्र स्थापित भएको थियो। एउटा क्षेत्रको रूपमा, शान्ति निर्माण अहिंसात्मक माध्यमबाट शान्तिको वातावरण सिर्जना गर्न प्रतिबद्ध छ। शान्ति निर्माणले नैतिक र आचारणसम्बन्धी लक्ष्यलाई प्रतिनिधित्व गरे पनि, यो असमानता र असन्तुलनको फराकिलो परिवेशभित्र निहित छ। तसर्थ, शान्ति निर्माणको सम्भावनाप्रति इमानदार भएर लाग्ने हो भने, यसमाथि स्पष्ट र सकारात्मक समीक्षा हुनु आवश्यक छ। नजिकबाट काम गर्ने शान्ति निर्माणकर्ताहरूले स्थायी सफलताका लागि शान्ति स्थापनाको कार्यमा अवरोध पुऱ्याउने प्रमुख कारकहरू पत्ता लगाए।

> “ *भोको पेटमा शान्तिको कुरा गर्नु व्यर्थ छ। अपराधीहरूले सुखको जीवन बिताइरहेका छन् भने शान्तिको कुरा गर्नुको कुनै अर्थ छैन। यस्तो अवस्था अपराध र द्वन्द्वतर्फ धकेलिने कारण बन्छ। शान्ति र न्यायबीच निकै गहिरो सम्बन्ध छ।  र, पश्चिमी देशहरूले यी कार्यक्रमहरूलाई आर्थिक सहयोग गर्दा* ***न्याय नभएसम्म शान्ति असम्भव छ भन्ने कुरालाई बेवास्ता गर्छन्।”***
>
> - मध्यस्थकर्ता (अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था - INGO), नाइजेरिया,

द्वन्द्व र असमानताबाट अन्तर्राष्ट्रिय पक्षहरूले फाइदा उठाउँछन् भन्ने कुराको स्पष्ट स्वीकार गर्न नसक्नु, जसले गर्दा विश्वमा अन्यायपूर्ण प्रणाली कायम रहन्छ। दशकौंदेखि, धेरै राम्रो नियत राख्ने व्यक्तिहरू, संस्थाहरू र राष्ट्रहरूले जारी अस्थिरता, द्वन्द्व र प्रणालीगत असमानताबाट आफूहरू संस्थागत र व्यक्तिगत रूपमा कसरी लाभान्वित भइरहेका छन् भन्ने कुरा बुझ्न असफल भएका छन्। अंग्रेजी बोल्नसक्ने दर्तावाला समूहहरूलाई मात्र बढी प्राथमिकता दिँदा स्रोत बाँडफाँड गर्ने संरचनाहरूले सामुदायमा विभाजन बढाएको छ र तनाव सिर्जना गरेको छ। वित्तीय जवाफदेहिताका प्रक्रियाहरूले रकम कहाँ खर्च भयो वा त्यसको प्रभावकारिता कति रह्यो भन्ने कुरालाई बिर्सिएर 'खर्चको दर' (Burn Rate) मा मात्र ध्यान दिन्छन्।

अन्तर्राष्ट्रिय क्षेत्र र विश्वव्यापी प्रणालीको आलोचना लामो समयदेखि भएतापनि यसले हाल आएर मात्र बृहत् चर्चा पाउन थालेको छ। अन्तर्राष्ट्रिय साझेदारहरूले यी अवस्थाबाट आफू लाभान्वित भएको र यसमा संलग्न रहेको तथ्यलाई सामना गर्न नचाहँदा, प्रणालीगत परिवर्तन र मूल कारणहरूलाई सम्बोधन गर्ने प्रयासहरूलाई विरलै प्राथमिकता दिएको पाइन्छ। र प्राथमिकतामा परे पनि, यस्ता पहलहरू प्रस्तावित समाधानहरूको सहायक हिस्सा मात्र बन्न पुग्छन्।

शान्ति र द्वन्द एउटै, समयको सीमाभित्र बाँधिएको वा परिवर्तन नहुने विषय भएकाले स्थिर र निश्चित परिणामको आशा राखेर कुनै शान्ति योजनाहरू सफल हुन सक्दैनन्। शान्ति कुनै निश्चित बिन्दु नभई समाजको निरन्तर विकाससँगै अगाडि बढ्ने एउटा चलायमान प्रक्रिया हो। यद्यपि, अधिकांश शान्ति निर्माण कार्यक्रमहरूले अनुसन्धाको जडमा नपुगि परिवर्तनका सिद्धान्तहरू (ToCs) लाई आधार बनाएर निश्चित परिणामहरू तयार गर्छन् र त्यसलाई सङ्ख्यामा गन्न सकिने र मानक सूचकहरू मार्फत नाप्छन्। परिवर्तन भइरहेको जटिलता र परिवेशलाई पूर्ण रूपमा नबुझी बाह्य निकायहरूले तोकेको मापदण्डका आधारमा कार्यक्रमहरूको मूल्याङ्कन गरिन्छ। बाह्य रूपमा लगानी गरिएका मूल्याङ्कनहरूले रचनात्मक सिकाइ प्रक्रियालाई बेवास्ता गरी, दाताहरूले तोकेका प्रश्न र जवाफदेहीतालाई प्रमुख मान्छन्।

द्वन्द्वले सम्पूर्ण समुदायलाई फरक-फरक तरिकाले असर गर्छ तैपनि शान्ति निर्माणका कार्यक्रमहरूमा परिस्थितिअनुसार परिवर्तन हुन सक्ने पर्याप्त लचिलोपन या भनौँ फरकपन हुँदैन। द्वन्द्वग्रस्त क्षेत्रहरूमा हुने आघातजन्य घटनाहरूले एक व्यक्तिलाई मात्र नभएर सम्पूर्ण समाज र राष्ट्रलाई नै प्रभावित पार्छ। पुनर्स्थापनाको खाँचो हुँदापनि समुदायहरूले आफूमाथि परेको आघात कति गम्भीर छ भन्ने हेक्का पाउँदैनन्। मानिसहरू प्रायः देखिने र नदेखिने दुवै प्रकारका क्षतिसँग जुधिरहेका हुन्छन्। उनीहरू यस्तो ठाउँमा बसिरहेका हुन सक्छन् जहाँ सक्रिय रूपमा युद्ध नभए पनि, हिंसालाई सामान्य र स्वीकार्य ठानिएको हुन्छ। शान्ति निर्माण र ट्रमा उपचारका कार्यक्रमहरू प्रायः कम समयका हुने र आफ्ना दाताहरूको प्राथमिकताअनुसार बदलिने हुनाले प्रभावकारी हुन सक्दैनन् । यति मात्र होइन, कार्यक्रम सञ्चालकहरूलाई द्वन्द्व र ट्रमाको बदलिँदो अवस्था हेरेर कार्यक्रमको योजना परिवर्तन गर्ने अधिकार पनि दिइँदैन। दाताको सहयोगमा हुने सीमित स्वास्थ्य र कल्याणका कामहरूमा स्थानीय प्रचलनहरूलाई समावेश नगरी पश्चिमी तरिकालाई मात्रै प्राथमिकता दिइन्छ। द्वन्द्वग्रस्त समुदायहरूलाई सँगै राख्नका लागि गहन र इमानदार पुनर्स्थापनाको खाँचो पर्छ।

> “*हाम्रो समाजमा धेरै मानिसहरू द्वन्द्वबाट प्रभावित छन्। र मुख्य कुरा हामी सबै यी आघातहरूबाट प्रभावित छौँ तर, मानसिक स्वास्थ्यसम्बन्धी आघात र **मानसिक स्वास्थ्यसम्बन्धी समस्याहरूले** हामीलाई कति हदसम्म प्रभावित गर्छन् भन्ने कुरामा भने केही भिन्नताहरू हुन सक्छन्।*”
>
> - समुदायमा आधारित निकाय वा नागरिक समाज संस्था, यमन

व्यावसायिक बन्ने दौडमा, शान्ति निर्माणकर्ताहरूले सम्भावित सहयोगीहरूको पहुँचभन्दा टाढा रहेको क्षेत्र निर्माणमा ध्यान केन्द्रित गरेका छन्। शान्ति निर्माण क्षेत्रले व्यावसायिक रूप धारण गरेको छ र कार्यविधि तथा दृष्टिकोणहरू बुझाउनका लागि प्राविधिक शब्दावली अपनाएको छ, जसकारण यसमा संलग्न हुन अन्त्यन्तै जटिल अवरोधहरू सिर्जना भएका छन्। एनजीओ र बहुपक्षीय निकायहरूको प्राविधिक भाषा न त भिन्न-भिन्न संस्कृतिअनुसार प्रभावकारी हुन्छ, न त सजिलै अनुवाद गर्न सकिन्छ, न त फरक सन्दर्भमा उपयोगी नै हुन्छ। यस्ता शब्दहरूले संलग्नता र समानुभूतिको भावनामा बाधा पुऱ्याउँछन्।

> *यथार्थमा, सुडानको **द्वन्द्व गतिशीलता** राजनीतिक छल, पारिवारिक विस्थापन, धार्मिक कथन, र नसुल्झिएका गुनासाहरूसँग गाँसिएको छ। **बाहिरी निकायहरूको ढाँचा प्रयोग गर्नाले स्थानीय समुदायलाई पराई बनाउने खतरा रहन्छ।***
>
> - स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, सुडान

शान्ति पहलहरू डिजाइन गर्ने मुख्य आधार रहेका द्वन्द्व र शान्तिको विश्लेषणमा महत्त्वपूर्ण जानकारीहरू छुट्छन्। अधिकांश विश्लेषण प्रभावित व्यक्तिहरू, स्थानीय नागरिक समाज, वा हिंसाका दोषीहरूबाट न्यूनतम जानकारी लिएर गरिन्छ। विश्लेषण प्रक्रियामा समुदायहरूलाई समावेश र स्वीकार गरिए पनि, उनीहरूको विश्लेषण र सोचाइलाई तथ्याङ्क सङ्कलन, विश्लेषण वा प्रस्तावित उपायहरूमा प्रभावकारी ढंगले प्राथमिकता दिइएको भेटिन्न। समुदायको नेतृत्वमा गरिने बृहत्-स्तरको द्वन्द्व विश्लेषण कमै मात्रामा हुने हुँदा यसले राष्ट्रियभन्दा तल्लो तहको गतिशीलताको बुझाइमा खाडल निम्त्याउँछ। विविध दृष्टिकोणहरूको कमीले पनि ज्ञानमा अन्तर सिर्जना गर्दछ। फलतः अपूर्ण विश्लेषणका कारण केही शान्ति पहलहरू आधारभूत रूपमै त्रुटिपूर्ण बन्न पुग्छन्। बरु, दिगो परिवर्तनको सुरुवातका लागि सही प्रवेश बिन्दु निर्धारण गर्न बहु-आयामिक रणनीति आवश्यक छ।

निकटतम शान्ति निर्माणकर्ताहरूसँग प्रायः स्थानीय ज्ञान त हुन्छ, तर समाधानहरू कार्यान्वयन गर्नका लागि उनीहरूसँग पर्याप्त कोष र अवसरहरूको कमी हुन्छ। स्थानीय संस्थाहरू, विशेष गरी गैर-नाफामूलक र सामाजिक क्षेत्रका निकायहरूले आफ्नो सञ्चालनलाई बलियो बनाउन र विस्तार गर्न ठूला चुनौतीहरूको सामना गर्छन्। उनीहरूको प्रभावकारितालाई सीमित गर्ने तीनवटा मुख्य कमजोरीहरू हुन्: तालिमका लागि स्रोतको कमी, दातृ निकायसँग प्रत्यक्ष जोडिने अवसरको अभाव, र अपर्याप्त कार्यक्रम कोष। कर्मचारीतन्त्र वा राजनीतिक बाधाका कारण उनीहरू प्रायः आफ्नो संस्था दर्ता गर्न पनि असमर्थ हुन्छन्। निकटतम शान्ति निर्माणकर्ताहरूले जटिल र नियम पालनामा केन्द्रित अनुदान लिने, प्रशासनिक काम गर्ने र रिपोर्टिङ गर्ने जस्ता झन्झटहरूको पनि सामना गर्नुपर्छ। यसबाहेक, उनीहरूले सामुदायिक स्तरमा द्वन्द्व समाधान गरेर सकारात्मक परिवर्तन ल्याउँदा पनि त्यसलाई राष्ट्रिय स्तरमा फैलाउनका लागि आवश्यक संयन्त्रहरूको कमी हुन्छ।

### द्वन्द्वपछि स्थापित गरिएका जवाफदेहिताका प्रयासहरू प्रायः पीडितका अपेक्षाहरूमा खरो उत्रन सक्दैनन्।

द्वन्द्वपश्चात सत्य तथा मेलमिलापका कार्यक्रमहरू लागू त हुन्छन्, तर उपचारमा सहयोग गरेता पनि उचित जवाफदेहिता सुनिश्चित गर्नमा भने कमजोर हुन्छन्। यस्ता कार्यक्रमहरू द्वन्द्व प्रभावितहरूलाई भन्दा समाजका उच्च वर्ग र पहुँचवाला वर्गमाथि बढी केन्द्रित हुन्छन्। अपराध गर्नेहरू प्रायः खुलेआम घुमिरहेका हुन्छन्। निकटतम शान्ति निर्माणकर्ताहरूले राज्यद्वारा पीडितहरू, शान्ति निर्माणकर्ताहरू, मानव अधिकारका रक्षकहरू र अभियन्ताहरूको सुरक्षा सुनिश्चित नभएको औंल्याएका छन्। यसबाहेक, भविष्यमा हुने हिंसालाई रोक्न वा न्याय तथा जवाफदेहिता सुनिश्चित गर्नका लागि समुदायलाई क्षतिपूर्ति दिने पहल खासै नभएको पाइएको छ।

यस्ता द्वन्द्व र परिवर्तनशील अवस्थालाई मध्यनजर गर्दै, निकटतम शान्ति निर्माणकर्ताहरूले हाम्रो विश्वव्यापी सम्बन्धहरूलाई पुनर्विचार गर्न र सँगै काम गर्ने नयाँ विधिहरू स्थापित गर्नका लागि एउटा परिकल्पना, मार्गदर्शन सिद्धान्त र सुझावहरूको निर्माण गरे।

# भविष्यको लागि परिकल्पना

**हाम्रो परिकल्पना एउटा यस्तो प्रणाली हो जहाँ शान्ति निर्माणको काम स्थानीय नेतृत्वमा आधारित हुन्छ र त्यो काम समुदायको क्षमता एवम् सन्दर्भअनुसार फरक हुन्छ।** यसलाई पारस्परिक जवाफदेहितामा आधारित दीर्घकालीन सहयोगी साझेदारी र गठबन्धनहरू निर्माण गरेर दिगो बनाइन्छ। हाम्रो उद्देश्य अझ राम्रो, न्यायोचित र सबैलाई समेट्ने संसार बनाउनु हो।

निकटतम शान्ति निर्माणकर्ताहरूले एउटा नयाँ प्रणालीको परिकल्पना गर्छन् जहाँ अधिकार निष्पक्ष रूपमा बाँडिन्छ र पारस्परिक जवाफदेहिता सम्बन्ध, निर्णय लिने, स्वामित्व र स्रोतहरूको केन्द्रमा हुन्छ। एउटा यस्तो भविष्य जहाँ समुदायहरूले उपचार र न्यायतर्फको बाटो आफैं अगुवाइ गरिरहेका हुन्छन्!

> *स्थानीयकरण भनेको स्रोत, अधिकार र समयलाई स्थानीय नागरिक समाजमा हस्तान्तरण गर्नु मात्र होइन।* ***यसको अर्थ हामीले आफ्ना प्रणालीहरूलाई जाँचबुझको लागि खुला राख्नु, आफ्नो छनौटको जिम्मेवारी लिनु र हामीले वाचा गरेका नतिजा/प्रभावको जवाफ दिनु पनि हो।*** *विश्वास दुईतर्फी बाटो हो। दाता र अनुदान पाउने दुवैले साझा जवाफदेहीताको अभ्यास गरेपछि मात्र समुदायमा वास्तविक प्रभाव पर्छ।*
>
> - ग्लोबल ट्रान्सनेशनल नेटवर्क अर्गनाइजेसन, पाकिस्तान

## निर्देशनका सिद्धान्तहरू

निम्न मार्गदर्शक सिद्धान्तहरूले प्रभावकारी, समावेशी र दिगो शान्ति निर्माणलाई आकार दिने मुख्य दृष्टिकोणहरूको रूपरेखा प्रस्तुत गर्दछ। यी सिद्धान्तहरूले शान्ति निर्माणलाई संस्कृति, परिवेश र सहकार्यको जगमा आधारित परिवर्तनशील प्रक्रियाको रूपमा जोड दिन्छन्। सामूहिक रूपमा, यी सिद्धान्तहरूले स्थानीय नेतृत्व, जवाफदेहिता र लामो समयसम्म टिक्ने शान्तिका लागि एउटा ढाँचा तयार पार्छन्।

शान्ति निर्माण **सांस्कृतिक र परिवेश सुहाउँदो** प्रयास हो।

शान्ति निर्माण आजको विश्व र गतिशीलताअनुसार समायोजन गर्नका लागि विकसित हुँदैछ। सांस्कृतिक र परम्परागत उपचार अभ्यासहरूको सम्मान गरिएको छ। नयाँ आवाजहरू समावेश गरिएका छन्। ढाँचाहरूलाई स्थानीय परिवेशमा जबर्जस्ती लागू गरिएको वा परिवर्तन गरिएको छैन; बरु, नयाँ कुराहरूको नेतृत्व समुदायका सदस्यहरूले नै गर्छन् र उनीहरूमार्फत नै हुन्छ। फराकिलो प्रणालीगत परिवर्तनहरू ल्याउन स्थानीय नेतृत्वमा भएका समाधानहरूलाई राष्ट्रिय स्तरमा विस्तार गर्ने प्रयास गरिएको छ। समुदायको संस्कृति र आवश्यकताहरूलाई प्राथमिकतामा राख्दा, कार्यान्वयनको मुख्य लक्ष्य नै नतिजाहरूको स्थायीत्व हुन्छ।

**निर्णय प्रक्रियाहरू समावेशी** हुन्छन् र दीर्घकालीन तथा दिगो साझेदारीहरूलाई बढावा दिने लक्ष्य राख्छन्।

शान्तिका लागि सबै पक्षहरूले सक्रिय रूपमा योगदान दिन आवश्यक छ। द्वन्द्व र समाधानका सबैभन्दा निकटतम पक्षहरू ढाँचा निर्माण, कार्यान्वयन र निरन्तर सिक्ने प्रक्रियाको नेतृत्वदायी भूमिकामा छन्। उनीहरू समुदायहरूप्रति जवाफदेही छन्। द्वन्द्वपीडितहरू, महिलाहरू, युवाहरू, अपाङ्गता भएका व्यक्तिहरू र आदिवासी जनजातिका आवाजहरूलाई केन्द्रमा राखिएको छ। स्थानीय र राष्ट्रिय सरकारहरू पनि आफ्ना सबै जनताप्रति जिम्मेवार छन्। साथै, निकट शान्ति निर्माणकर्ताहरूले वार्ता प्रक्रिया र शान्ति निर्माण गतिविधिहरूमा द्वन्द्वका दोषीहरूलाई समावेश गर्नुपर्ने आवश्यकता पनि उल्लेख गरेका थिए।

विभिन्न पक्षहरूबीचको **सम्बन्ध र साझेदारीहरू** आपसी सम्मान, विश्वास र खुलस्त हुने साझा सिद्धान्तमा आधारित छन्।

ध्यान दिएर सुन्नु र अरूको विचारलाई कदर गर्नु सामान्य अभ्यास हो। यहाँ अरूलाई पर्ने प्रभावको ख्याल नगरी अधिकार जमाउने, विचार थोपर्ने वा हतारमा माग गर्ने चलन छैन। साझेदारीहरू परिवर्तनशील छन्, र एउटा साझा भविष्यको नयाँ लक्ष्यलाई कार्यान्वयन गर्न विभिन्न क्षेत्रका गठबन्धनहरू बनाइएका छन्। सम्बन्ध र साझेदारीहरू दीर्घकालीन भए तापनि, परिवर्तनशील हुन्छन् र लचिलो रहन्छन्। शान्ति निर्माणकर्ताहरू र कार्यान्वयनकर्ताहरू द्वन्द्वले प्रभावित समुदायहरूसँग साझेदारीमा काम गर्छन् र शान्ति कार्यान्वयन गर्न उनीहरूलाई सहयोग गर्छन्।

स्रोतहरूकार्यान्वयनको जिम्मेवारीको आधारमा वितरण गरिन्छ, र शान्ति निर्माणकर्ताहरूले कार्यक्रमको प्रक्रिया र प्राप्त नतिजाको लागि समुदाय र दातृ निकायहरूप्रति जवाफदेही हुनुपर्छ।

स्रोतहरूमा वित्तीय र गैर-वित्तीय सहयोगहरू जस्तैः मेन्टरशिप, तालिम, र वैकल्पिक लगानी ढाँचाहरूमा पहुँचजस्ता सहयोगहरू समावेश छन्। साझेदारहरू दीर्घकालीन वित्तीय दिगोपनका लागि एकसाथ काम गर्छन्। राजस्व (आय) आर्जन रणनीतिहरूमा सूचना आदानप्रदान गरिन्छ, र स्थानीय स्तरमा विकसित आम्दानी सिर्जना गर्ने विचारहरूलाई विश्वव्यापी मञ्चमा प्रस्तुत गरिन्छ र बाँडिन्छ। साझेदारहरूबीच साझा जवाफदेहिता र बजेट वितरणमा पारदर्शिता कायम हुन्छ। कार्यान्वयन टोलीहरूले नतिजातर्फको प्रगति रिपोर्ट गर्छन् र दाता तथा समुदायहरूप्रति जवाफदेही हुनका लागि आफूले चालेका कदमहरू स्पष्ट पार्छन्। सबै सरोकारवालाहरू मिलेर नियम पालनाका शर्तहरूलाई सजिलो बनाउने प्रयास गर्छन्।

सिकाइ र ज्ञानको सिर्जना मा शान्ति निर्माणकर्ताहरू, अन्तर्राष्ट्रिय पक्षहरू, लगानीकर्ताहरू र समुदायहरूबीच जीवन्त अनुभव र अभ्यासहरूको आदानप्रदान हुन्छ।

सबै शान्ति निर्माण प्रक्रिया र अभ्यासहरूमाथि निरन्तर सिकाइ र मनन चलिरहन्छ। नतिजातर्फको प्रगति र बजेट बाँडफाँटमा साझेदारहरूबीच आपसी जवाफदेहिता र पारदर्शिता हुन्छ। निरन्तर सिकाइ कायम गर्नका लागि नतिजाहरूलाई सहभागितामूलक प्रक्रियाहरूद्वारा मापन गरिन्छ। सरोकारवालाहरूले कुन रणनीति र कार्यनीतिहरूले काम गरे र कुनचाहिँ सफल भएनन् भन्ने बारेमा खुलेर कुरा गर्छन्। सरोकारवालाहरूले योगदान गर्ने कारकहरू र अनपेक्षित परिणामहरूलाई स्वीकार गर्छन्। सिकाइका लागि प्रयोग गरिने विधिहरू परिवेशको अवस्था र सिकाइ सामग्रीहरूको प्रयोगको आधारमा उपयुक्त छन्।

# शान्ति स्थापनाको सन्दर्भमा निर्देशनका आधारभूत सिद्धान्तहरू

तलको दृश्यले शान्ति निर्माणको दृष्टिकोणबाट मार्गदर्शक सिद्धान्तहरू अन्तर्गत रहेका सुझावहरू र प्रस्तावित कार्यहरू देखाउँछ। यसले यी मार्गदर्शन सिद्धान्तहरू शान्ति निर्माणको एउटा समग्र प्रणाली भित्र कसरी जोडिएका छन् भन्ने कुरालाई जोड दिन्छ र दीर्घकालीन शान्तिका लागि सबै सरोकारवालाहरूलाई मिलेर काम गर्ने साझा मार्ग देखाउँछ।



# नयाँ परिकल्पनाको मार्ग

निकटतम शान्ति निर्माणकर्ताहरूले आगामी पाँचदेखि दस वर्षभित्र कार्यान्वयन गर्नका लागि निम्न सुझावहरू दिएका छन्। यी सुझावहरू विशेषगरी द्विपक्षीय दाता, परोपकारी संस्था, मध्यस्थकर्ता र शान्ति निर्माणकर्ताहरूका लागि लक्षित छन्। यी सबै एक-आपसमा निर्भर छन्; एउटा परिवर्तनशील शान्ति निर्माण प्रणालीका लागि सबै पक्षहरूको सहकार्य अपरिहार्य हुनेछ।

यी सुझावहरू लागू गर्ने काम अहिलेको शक्ति सन्तुलनमा भर पर्छ र त्यसबाट प्रभावित हुन्छ। तसर्थ, यो खण्ड माथिल्लो तहबाट तलको संरचनामा मिलाइएको छ र धैरै परिवर्तनहरू एकैसाथ हुन सकोस् भन्ने सुझावमा केन्द्रित छ। सफल हुनका लागि, सबै पात्रहरूले आफ्नो अधिकार, जिम्मेवारी र प्रभावको दायरा बुझ्न आवश्यक छ। अरू पक्षलाई निर्णय गर्ने अधिकार दिनका लागि आफूले कहाँ र कसरी शक्ति हस्तान्तरण गर्न सकिन्छ भन्ने कुरामा उनीहरूले विचार पुर्‍याउनुपर्छ। यस आत्म-समीक्षाले केही पक्षहरूलाई आफ्नो शक्तिलाई बुद्धिमानीपूर्वक प्रयोग गर्न प्रेरित गर्न सक्छ भने अरूलाई यो व्यवस्थामा आफ्नो भूमिकाबारे पुनर्विचार गर्न प्रेरित गर्न सक्छ। हरेक सुझाव एक वा सोभन्दा बढी मुख्य सिद्धान्तहरूसँग सम्बन्धित छ।

## शान्ति प्रक्रियामा संलग्न सबै पक्षका लागि सुझाव

दीर्घकालीन शान्ति सुनिश्चित गर्नका लागि ठूला सामाजिक अन्याय र उत्पीडनका सङ्घर्षहरूसँगै समन्वय गरी शान्ति स्थापनाको काम अगाडि बढाउनुहोस्।

सांस्कृतिक/परिवेश सुहाउँदो

शान्तिलाई न्यायका अन्य रूपहरूबाट अलग राखेर हासिल गर्न सकिँदैन। शान्ति निर्माण प्रायः अरू क्षेत्रबाट अलग बसेको छ। यो अन्तर्निहित रूपमा राजनीतिक भए तापनि, तटस्थ र निष्पक्ष रहने प्रयास गरेको छ। शान्ति निर्माणले सामाजिक, आर्थिक, जातीय, लैङ्गिक र वातावरणीय न्यायसहितका सबै सान्दर्भिक न्यायको केन्द्रमा रहेर काम गर्नुपर्छ। यसले द्वन्द्व र अस्थिरताको मुख्य कारण बनेका औपनिवेशिक शासनको असर, पितृसत्ता, सैन्यवाद र पूँजीवादसहितका प्रणालीगत उत्पीडनलाई चुनौती दिँदै त्यसलाई भत्काउने प्रयास गर्नुपर्छ। स्वस्थ समाजका लागि शान्तिका पहलहरूले द्वन्द्व र अन्यायका प्रणालीगत मूल कारणहरूलाई सम्बोधन गर्नुपर्छ र निष्पक्ष, पारदर्शी, समावेशी र सहभागितामूलक नयाँ प्रक्रियाहरू निर्माण गर्नमा ध्यान केन्द्रित गर्नुपर्छ।

## शान्ति निर्माणको प्रयासलाई सबै क्षेत्र, अभियान र सहकार्य समूहहरूमा एकीकृत गरेर अगाडि बढाउनुहोस्।

सांस्कृतिक/परिवेश सुहाउँदो

शान्तिको लागि निरन्तर पहलको खाँचो छ र शान्ति निर्माणले आफ्नो घेरा तोडेर, अझ न्यायपूर्ण र समावेशी समाज निर्माण गर्ने सबै प्रयासहरूमा अनिवार्य रूपमा सामेल हुनुपर्छ। सामाजिक आन्दोलनहरू बृहत् सङ्घर्षको एक हिस्सा हुन् र यो क्षेत्रले स्वीकार गरेभन्दा पनि बढी गहिरो रूपमा शान्ति निर्माणसँग गाँसिएका छन्। शान्ति निर्माणकर्ताहरूले आन्दोलन र बृहत् गठबन्धनहरूबाट पछि हट्नुको कारण केहीको निष्पक्ष रहने इच्छा हो, तर आन्दोलनहरू मूलतः राजनीतिक नै हुन्छन्। शान्ति निर्माणको कामलाई सबै क्षेत्रमा आवश्यक पर्ने मुख्य क्षमताको रूपमा स्वीकार र सराहना गरिनुपर्छ। यो वर्तमानको जटिल विश्वव्यापी समस्या समाधानको लागि आधारभूत पाइला हो। ध्रुवीकरण बढेको विश्वमा, सुन्न र संवाद गर्नका लागि थप ठाउँहरू सिर्जना गर्न आवश्यक छ। शान्ति निर्माणलाई प्रभावकारी बनाउन, यसको एकीकृत प्रयासलाई द्वन्द्व संवेदनशीलताको चरणबाट माथि उठाउनुपर्छ र समुदाय आफैँले परिभाषित गरेको शान्तिको अर्थलाई नै मूल आधार मान्नुपर्छ। यो बृहत् दृष्टिकोणले शान्तिलाई केवल द्वन्द्व व्यवस्थापनमा मात्र सीमित नराखी, समाजको संरचनागत, सामाजिक र आर्थिक आधारमा पनि स्थापित गर्न मद्दत गर्छ।

## समुदाय र मानिसहरूलाई सांस्कृतिक रूपमा आधारित, हेरचाहमा आधारित, र अहिंसात्मक संयन्त्रहरू मार्फत परिवर्तनकारी सहकार्यको नेतृत्व गर्न र द्वन्द्व समाधान गर्न सहयोग गर्नुहोस्।

निर्णय प्रक्रिया

शान्ति निर्माणका परियोजनाहरू प्रायः द्विपक्षीय दाताहरूले गर्छन्। उनीहरूले तयार पारेको द्वन्द्व विश्लेषणमा द्वन्द्व प्रभावित स्थानीय मानिसहरूको धारणा नसमेटिएको पनि हुन सक्छ। स्थानीय समुदायहरू, अभियन्ताहरू, आन्दोलनहरू र द्वन्द्वबाट प्रभावित व्यक्तिहरू परिवेश बुझ्न र परिवर्तनका संवाहक बन्नका लागि सबैभन्दा उपयुक्त स्थानमा छन्। बाह्य पक्षहरूको केही मार्गदर्शन र सहभागिता आवश्यक भए पनि, जनस्तर (ग्रासरूट) को सहयोगसँग अविभाज्य रूपमा जोडिएका पहलहरूले अझ अर्थपूर्ण र दिगो परिवर्तन ल्याउन सक्छन्। द्वन्द्वले बढी असर गरेका मानिसहरूको कुरा सोझै निर्णय प्रक्रियामा पुगोस् भन्नका लागि दिगो, पारदर्शी सञ्चार माध्यम र प्रतिक्रिया संयन्त्रको निर्माणमा सहयोग पुर्‍याउनुहोस्।

## शक्ति बाँडफाँडको सिद्धान्तमा आधारित र सबैको साझा तथा आपसी स्वार्थका लागि बनाइएका सहकार्यहरू निर्माण गर्नुहोस्।

सम्बन्धहरू

साझेदारहरूले प्रायः औपनिवेशिक शक्ति संरचनाहरूलाई निरन्तरता दिएका छन् जसको माध्यमबाट 'ग्लोबल नर्थ' अर्थात विकसित देशका साझेदारहरूले नै स्रोत, निर्णय लिने अधिकार र स्वामित्व आफ्नो नियन्त्रणमा लिने गर्छन्। सबै साझेदारहरूले ध्यान दिएर सुन्ने र सत्यनिष्ठ हुने अभ्यासलाई प्राथमिकता दिनुपर्छ। उनीहरूले आफ्नो स्वार्थ स्पष्ट रूपमा खुलाउनुपर्छ र असमान शक्ति गतिशीलतालाई निरन्तरता दिन आफ्नो भूमिकामा विचार गर्नुपर्छ। सबै पात्रहरूले समान सूचनामा पहुँच पाउनुपर्छ। सबै साझेदारहरूले एक-अर्काको कामलाई मान्यता र जस दिन आवश्यक छ। जटिल प्रक्रियाहरूलाई अगाडि बढाउनको लागि चाहिने विश्वास स्थापित गर्ने काममा सहयोग गर्नुहोस्।

> *स्थानीय शान्ति निर्माणकर्ताहरूलाई कार्यान्वयनकर्ताको रूपमा मात्र हेरिनु हुँदैन। स्थानीय शान्ति निर्माणकर्ताहरूमाथि विविध जटिल ढाँचा र प्रतिवेदनको मापदण्डहरूका कारण कार्यभार बढेको छ। यसको सट्टा,* ***स्थानीय शान्ति निर्माणकर्ताहरूलाई बराबरको साझेदारको रूपमा व्यवहार गरिनुपर्छ।*** *सफलताको जस पनि सबैले बराबर पाउनुपर्छ।"*
>
> - समुदायमा आधारित निकाय वा नागरिक समाज संस्था, नेपाल

## शान्ति निर्माणलाई धैर्यता, विश्वासको स्थापना र दिगो प्रतिबद्धतामा आधारित दीर्घकालीन प्रक्रियाको रूपमा लगानी गर्नुहोस्।

स्रोतहरू

शान्ति निर्माणका कार्यक्रमहरू प्रायः छोटो र कम लगानीमा सञ्चालित हुन्छन्, तैपनि अत्यधिक महत्त्वाकांक्षी लक्ष्यहरू राख्छन् जुन प्राप्त गर्न कठिन हुन्छ। दाताहरूले थोरै समयका लागि मात्र सहयोग गर्ने भएकाले समुदायमा झूटा अपेक्षाहरू बढ्छन् र परियोजना सकिने बित्तिकै मानिसहरूले निकटतम शान्ति निर्माणकर्ताहरूलाई पत्याउन छोड्छन्। प्रणालीगत उत्पीडनलाई भत्काउनका लागि परिवर्तनशील, नवीनता, र दिगोपनलाई सक्षम बनाउने लचिलो, प्रत्यक्ष र दिगो सहयोग आवश्यक छ। विशेष गरी विवादित वा हिंसात्मक क्षेत्रहरूमा शान्ति निर्माण, मानव अधिकार र न्यायपूर्ण संसार खोज्नेहरूका लागि व्यवहारिक र द्रुत सुरक्षा संयन्त्रको आवश्यक छ।

## शान्ति निर्माणको अन्तर्निहित राजनीतिक प्रकृतिलाई बुझ्नुहोस् र त्यसलाई आत्मसात गर्नुहोस्। यसमा वास्तविक सिकाइको वातावरण बनाउनका लागि अहिंसात्मक अभियानसँगको अटुट सम्बन्धलाई पनि जोड दिनुहोस्।

जवाफदेहिता

अहिंसात्मक सामाजिक आन्दोलनहरूले प्रायः जनस्तरको सीमान्तकृत आवाजको प्रतिनिधित्व गर्छन् र स्वस्थ प्रणाली निर्माण गर्नका लागि महत्त्वपूर्ण साझेदारको भूमिका खेल्छन्। शान्ति निर्माणको भाषिक जटिलताले प्रमुख सरोकारवाला निकाय र सहयोगीहरूलाई बहिष्कृत गरेको छ। प्रभावकारी र परिवर्तनशील सिकाइ अभ्यासका लागि शान्ति निर्माणमा सामूहिक पहलको भूमिका बुझ्न आवश्यक छ। सामाजिक तथा श्रम अभियानका रणनीतिहरूलाई आत्मसात गर्नुहोस् र शान्तिको आधार निर्माण गर्ने अन्तर-क्षेत्रीय सहकार्यलाई प्रोत्साहन दिनुहोस्।

# द्विपक्षीय दाताहरूको लागि सुझाव

## कुनै द्वन्द्व वा भौगोलिक क्षेत्रको नतिजामा आफ्नो सरकारको भूमिका र राष्ट्रिय स्वार्थबारे इमानदार र स्पष्ट हुनुहोस्।

सांस्कृतिक/परिवेश सुहाउँदो

विदेशी राष्ट्रहरू द्वन्द्वको निष्पक्ष पक्ष होइनन् र उनीहरू आफ्नो आर्थिक, वैचारिक र राजनीतिक लक्ष्य पूरा गर्नका लागि सशस्त्र द्वन्द्वमा संलग्न हुन सक्छन्। कतिपय अवस्थामा, द्विपक्षीय दाताहरूले एकै समयमा एउटा पक्षलाई हातहतियार उपलब्ध गराउने र अर्कोतिर सुशासन तथा शान्ति अभियानहरूलाई आर्थिक सहयोग गर्ने काम गरेका छन्। उनीहरू मानव अधिकार महासन्धि र अन्तर्राष्ट्रिय कानूनको पालना गर्नमा पनि असंगत छन्। आजको संसारमा, यो गतिशीलता सबै पक्षहरूका लागि स्पष्ट छ, जसमा निकटतम शान्ति निर्माणकर्ताहरू पनि पर्छन्। उनीहरूले द्वन्द्वलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समर्थन गर्ने सरकारहरूबाटै प्राप्त अनुदानहरू कार्यान्वयन गर्नुपर्ने विरोधाभासको सामना गर्नुपर्छ।

> *__विदेशी सरकारहरू स्थानीय शान्ति निर्माण संस्थाहरूका लागि प्रभावकारी लगानीकर्ता बन्न सक्छन् वा सक्दैनन् भन्ने विषयमा म निश्चित छैन।__ सबै विदेशी सरकारहरूले आफ्नै राष्ट्रिय स्वार्थअनुसार काम गर्नेछन्। उनीहरूले कोष दिइएका राष्ट्रहरूमा साँचो र स्थायी शान्ति कायम हुनु नै आफ्नो हितमा छ भन्ने कुरा नबुझेसम्म, उनीहरूको प्राथमिकता स्थानीय पक्षहरूसँग सधैँ बाझिरहनेछ।*
>
> - स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, जिम्बाब्वे

## द्वन्द्वको नजिक रहेका शान्ति निर्माणकर्ता र समुदायहरूलाई सुरक्षा र थप निर्णय गर्ने अधिकार प्रदान गर्नुहोस्।

निर्णय प्रक्रिया

निकटतम शान्ति निर्माणकर्ता, मानव अधिकारकर्मी र सहयोगीहरूसँग सुरक्षा र संरक्षणको अभाव छ। दुई देशका सरकारहरूले राष्ट्रिय सरकारहरूलाई शान्ति निर्माणकर्ता र अभियन्ताहरूको सुरक्षा सुनिश्चित गर्नका लागि जवाफदेही प्रणालीमा सुधार गर्न प्रोत्साहित गर्न सक्छन्। यस्ता संयन्त्रहरूको स्थापना गर्नुहोस् जसले निकटतम शान्ति निर्माणकर्ताहरू, गठबन्धन र सञ्जालहरूलाई सहकार्य गर्ने मौका देओस्। यसरी उनीहरूले समुदायको स्वामित्व सुनिश्चित गर्दै, आफ्नो दैनिक कार्यको व्यवस्थापनमा नियन्त्रण हुनेगरी कार्यक्रमहरू डिजाइन र सञ्चालन गर्न सक्छन्। निकटतम शान्ति निर्माणकर्ताहरूलाई उनीहरूको आवश्यकताअनुसार बजेट बनाउन र विनियोजनमा अग्रणी भूमिका दिन सहयोग गर्ने संयन्त्रहरूको स्थापना गर्नुहोस्।

### साझेदारीको मोडेललाई करारमा आधारित लेनदेनबाट सहकार्य, सहभागिता र विश्वासमा आधारित प्रणालीतर्फ लैजानुहोस्।[16]

सम्बन्धहरू

द्विपक्षीय राष्ट्रहरूले प्रशासनिक र कार्यक्रमसम्बन्धी नियमहरूको पालना बढाएर आफ्नो जोखिम घटाउन सकियोस् भनेर ठेक्कामा आधारित सम्झौताहरू गर्छन्। फलस्वरूप, कार्यक्रमहरू लागू गर्ने कार्यमा भन्दा बढी सम्झौता आवश्यकताहरू पूरा गर्नमा स्रोत र समयको खर्च हुन्छ। यस्ता आवश्यकताहरूले गर्दा, राम्रो गुणस्तरको काम गर्ने स्थानीय शान्ति निर्माणकर्ताहरू पनि नियम पालनाको मापदण्ड पूरा गर्न नसकेर पछाडि पर्न जान्छन्। दाताहरूले माग गर्ने व्यक्तिगत जानकारीसहितको विस्तृत उपस्थिति सूची लगायतका जोखिम न्यूनीकरण र अनुपालन प्रक्रियाहरूले शान्ति निर्माणकर्ता र सहभागीहरू दुवैलाई जोखिममा पार्न सक्छ। निकटतम शान्ति निर्माणकर्ताहरूलाई प्रत्यक्ष रूपमा कोष उपलब्ध गराउनु सहयोगको सक्षम ढाँचा हो।[17] मध्यस्थकर्ताको भूमिकामा रहेका आईएनजीओलाई निकटतम शान्ति निर्माणकर्ता र अरू क्षेत्रहरूसँग मिलेर काम गर्नका लागि थप प्रोत्साहनको खाँचो छ। अस्थिर र द्वन्द्वग्रस्त मुलुकहरूमा, हरेक मानवीय र विकास कोषमा द्वन्द्व विश्लेषण तथा शान्ति निर्माणको पाटो अनिवार्य रूपमा समावेश गर्नुहोस्।

### शान्ति निर्माण, लोकतन्त्र र मानव अधिकारसम्बन्धी योजनाहरूका लागि दीर्घकालीन र लचिलो लगानीलाई पुनःस्थापित र वृद्धि गर्नुहोस्।

स्रोतहरू

उत्तर अमेरिका र युरोपका द्विपक्षीय दाताहरूले अहिंसात्मक आन्दोलन, मानव अधिकार र शान्तिपूर्ण द्वन्द्व समाधानलाई समर्थन गर्ने कार्यक्रमहरूका लागि दिइने लगानीमा भारी कटौती गरेका छन्। अहिंसात्मक तरिकाले अर्थपूर्ण परिवर्तन ल्याउन खोज्ने पक्षहरूलाई दीर्घकालीन, अनुमानयोग्य, प्रत्यक्ष र लचिलो लगानीको प्रवाह निरन्तर उपलब्ध गराउनु आवश्यक छ।

### साना जनस्तरका संस्थाहरूले मौका पाउन सकून् भनेर, अनुदानका मापदण्डहरू सहज बनाउनुहोस्।

स्रोतहरू

आईएनजीओ मार्फत गरिने सहयोगको तरिका बदलेर, काम गर्ने स्थानीय सहयोगीहरूलाई ठूलो प्रतिशतको रकम सोझै वितरण गर्ने मोडालिटीको व्यवस्था गर्नुहोस्। प्रत्येक परिवेशको व्यावहारिक अवस्थालाई हेरी सोहीअनुसार अनुदानका लागि आवश्यक पर्ने मापदण्डहरू मिलाउनुहोस्। उदाहरणका लागि, केही राष्ट्रहरूमा निकटतम शान्ति निर्माणकर्ताहरूले आफ्नो निकाय दर्ता गर्न नपाउँदा दर्तासम्बन्धी मापदण्ड पूरा गर्नबाट वञ्चित हुन्छन्। शान्ति निर्माणमा विश्वासिलो साझेदारी सिर्जना गर्न सक्ने रचनात्मक प्रकारका अनुदान संयन्त्रहरू (लचिलो र दीर्घकालीन) प्रयोग गर्नुहोस्। निकटतम शान्ति निर्माणकर्ताहरूको कार्यसञ्चालन (कार्यालय, सञ्चार, यातायात र ओभरहेड खर्चसहित) लाई आईएनजीओहरूको जस्तै वा त्योभन्दा राम्रो स्तरमा कभर गरिनुपर्छ।

## सबै मिलेर उच्च मापदण्ड र साझा उत्तरदायित्वको संस्कृति स्थापित गर्नुहोस्।

जवाफदेहिता

समय, विश्वास र बदलिने क्षमताका विभिन्न आयाम प्रति संवेदनशील र जानकार रहेर साझेदारीसम्बन्धी निर्देशिकाहरूको सह-निर्माण गर्नुहोस्। सिकाइ प्रक्रियाको कार्यान्वयनलाई बेवास्ता गरी नतिजा मापनलाई प्राथमिकता दिने जटिल अनुगमन तथा मूल्याङ्कन प्रणालीहरूबाट टाढा रहेर जवाफदेहिता मापन गर्ने तरिकालाई पुनः परिभाषित गर्नुहोस्। स्थानीय पक्षहरूले धेरै प्रतिक्रिया संयन्त्रहरू भएका कार्यक्रमहरूलाई कार्यान्वयन र सञ्चालन गर्नमा ऊर्जा र प्राथमिकता लगाऊन् भन्ने कुरा सुनिश्चित गर्नुहोस्। शान्ति निर्माणकर्ताहरू, अभियन्ताहरू र समुदायहरूप्रति तपाईं पनि जवाफदेही रहेको सुनिश्चित गर्न आफ्नै संस्थाहरूभित्र आन्तरिक रूपमा काम गर्नुहोस्। यसअन्तर्गत, कार्यकर्ताहरू र द्वन्द्वपीडितहरूका लागि व्यवहारिक, समयसापेक्ष र दीर्घकालीन सुरक्षा संयन्त्रहरू समावेश गर्नुपर्छ। कार्यक्रमको सफलतालाई समुदायका सदस्यहरू र उनीहरूको नतिजा तथा संस्थागत संयन्त्रहरूलाई दिगो बनाउने क्षमताद्वारा मूल्याङ्कन र प्रमाणिकरण गर्नुपर्छ।

> *विदेशी सरकारी दातृ निकायहरूले प्रभाव कम गर्ने बिचौलियाहरूमाथिको भरलाई कम गर्न स्थानीय शान्ति निर्माण सङ्गठनहरूलाई सोझै र लामो समय टिक्ने आर्थिक सहयोग दिनुपर्छ। अनुदान आवेदन र रिपोर्टिङका आवश्यकताहरूलाई सरल बनाउँदा* ***स्थानीय पक्षहरूलाई कर्मचारीतन्त्र (ब्यूरोक्रेसी) भन्दा बढी कार्यक्रम कार्यान्वयनमा ध्यान केन्द्रित गर्न मद्दत पुग्छ।*** *दाताहरूले कार्यक्रमको डिजाइन र मूल्याङ्कनमा स्थानीय सरोकारवालाहरूको कुरा सक्रिय रूपमा सुन्नु पर्छ र उनीहरूसँग संलग्न हुनैपर्छ।*
>
> - स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, जिम्बाब्वे

# परोपकारीका लागि सुझाव

परोपकार क्षेत्र सांस्कृतिक र परिवेशअनुसारको शान्ति स्थापनालाई बढावा दिनका लागि सहकार्यको व्यवस्थामा रहेका सरोकारवालाहरूबीच मध्यस्थता गर्नका लागि सुयोग्य छ।

सांस्कृतिक/परिवेश सुहाउँदो

संस्थाहरूबीच समान स्तरको सहकार्यलाई बढावा दिनु, सामाजिक एकता र सामूहिक काम काम गर्ने बानीलाई प्रवर्द्धन गर्नु र स्रोतका लागि हुने होडबाजी घटाउनुमा परोपकारी क्षेत्रको मुख्य भूमिका छ। यसो हुँदा, ज्ञान साटासाट गर्न, मिलेर काम गर्दा खर्च घटाउन, सँगै नयाँ कुराको आविष्कार गर्न र प्रतिस्पर्धा तथा फुटको सट्टा ठूला-ठूला समूह (अम्ब्रेला गठबन्धन) बनाउन सम्भव हुनेछ।

निकटतम शान्ति निर्माणकर्ताहरूसँग इमान्दारिताका साथ शक्ति बाँडफाँड गर्न प्रतिबद्ध हुनुहोस् र नाम मात्रको सहभागितालाई त्याग्नुहोस्।

निर्णय प्रक्रिया

शान्ति स्थापनाको काममा राम्रो परिणाम ल्याउनका लागि, आर्थिक सहयोग (अनुदान) दिने तरिकालाई अझ पारदर्शी र पहुँचयोग्य बनाउनुपर्छ। द्वन्द्व प्रभावितहरूको वास्तविक अवस्थालाई समेट्न सक्नेगरी रणनीति र अनुदान दिने कार्यमा निर्णय र मार्गदर्शनका लागि निकटतम शान्ति निर्माणकर्ताहरूको दीर्घकालीन सल्लाहकार समूह निर्माण गर्नेबारे विचार गर्नुहोस्। प्रभावित समुदायहरूसँग जोडिन सक्ने नयाँ ग्रासरूट साझेदारहरू खोज्न विशेष प्रयासहरू सुरु गर्नुहोस्।

> *स्रोतहरू महत्त्वपूर्ण छन्। साझेदारी र क्षमता निर्माणको रूपमा आउने स्रोतहरू दाताहरूले गराउन चाहेको कार्यमा नभई **ठ्याक्कै त्यो क्षणमा जे आवश्यक छ त्यसमा आधारित हुनुपर्छ।** र दाताहरूले गराउन चाहेको कार्यमा आधारित नभएको।*
>
> \- अभियन्ता, श्रीलङ्का

## लचिलोपन, जवाफदेहीता र समुदाय-उन्मुख कार्यक्रममा आधारित विश्वासमा टिकेको साझेदारी मोडेलतर्फ निरन्तर अघि बढ्नुहोस्।[18]

सम्बन्धहरू

अनुदान दिने निकायहरूले आफ्नो लगानी रणनीति, प्राथमिकता, आन्तरिक निर्णय प्रक्रिया र कोषको समयसीमाका बारेमा पारदर्शी हुनुपर्छ। यसले गर्दा दुवै पक्षलाई प्राथमिकता, सरोकारवालाहरू र सम्बन्धमा आउन सक्ने सम्भावित परिवर्तनहरूको बारेमा स्पष्ट जानकारी हुन्छ र  विश्वास बढाउन मद्दत गर्छ। परोपकारी निकायहरूले शक्तिको गतिशीलता बारे छलफलहरू पहल गर्नुपर्छ र विभिन्न माध्यमहरू (गोप्य सर्वेक्षण, दाताहरूसँग संवाद, अनुदानग्राहीको राउन्डटेबल आदि) मार्फत अनुदान पाउने साझेदारहरूबाट रचनात्मक समीक्षा संकलन गर्नुपर्छ। प्रतिक्रियाको यी माध्यमहरूले अनुदानग्राहीको पहुँचलाई प्राथमिकता दिनुपर्छ, जस्तै: धेरै भाषाहरूमा प्रतिक्रिया दिने व्यवस्था उपलब्ध गराउने। गम्भीर शक्ति असन्तुलनको कारण, परोपकारी संस्थाहरूले निकटतम सङ्गठन र पक्षहरूले आफ्नो प्रतिक्रिया सिधै दिनेछन् भनी अनुमान गर्न सक्दैनन्। परोपकारी संस्थाहरूले थालेको विश्वासमा आधारित साझेदारी नै स्थानीय पक्षहरूलाई उत्तरदायी र समुदाय-केन्द्रित योजनाको नेतृत्व गर्नका लागि अपरिहार्य छ र यसले अझ दिगो नतिजा ल्याउँछ।

> “***सम्बन्ध-केन्द्रित दृष्टिकोणप्रति प्रतिबद्ध हुनुहोस् र कोष प्रदायकलाई*** *कोष दिने निकाय नभई शान्ति निर्माण र द्वन्द्व रूपान्तरणको यात्रामा एक साझेदारको रूपमा हेर्नुहोस् आफ्ना साझेदारहरूमा विश्वास कायम गर्नुहोस्, जोखिमलाई स्वीकार्नुहोस्,* ***साझेदारहरूको कल्याणमा विशेष ख्याल राख्नुहोस्।***”
>
> - (संस्थाको प्रकार खुलाइएको छैन), फ्रान्स

## दक्षिणका देशहरूबीचको सम्बन्ध निर्माणमा सहयोग गर्नुहोस्, र अहिंसात्मक पक्षहरूलाई वैधानिकता दिएर शान्तिको पूर्वाधारमा लगानी गर्नुहोस्।

स्रोतहरू

विगतमा, निकटतम शान्ति निर्माणकर्ताहरूलाई प्राप्त समर्थनको ठूलो हिस्सा कार्यक्रमहरूमा केन्द्रित थियो। तथापि, निकटतम शान्ति निर्माणकर्ताहरूले आफ्नो सञ्जाल बढाउन, एक-अर्काबाट सिक्न, आफ्नो क्षमता बढाउन वा सुधार्न, र गठबन्धनहरू विकास गर्न आवश्यक छ। आपसी र पारस्परिक सिकाइ पहलहरूमा मद्दत गर्ने अन्य प्रकारका सहयोगहरू जस्तै: फेलोसिप (अनुदान) मा लगानी, गोष्ठी आयोजना, वा सिकाइ साझेदारीमा ध्यान दिनुहोस्। परोपकारी संस्थाहरूले प्रणालीमा आफ्नो अधिकारलाई इमानदार र पारदर्शीताका साथ स्वीकार गरेमा यसले क्षमता अभिवृद्धिका लागि शान्ति निर्माणकर्ताहरू बीच नयाँ विचार, सहकार्य र साझेदारीका लागि उत्तम वातावरण जुटाइदिने प्रभावकारी भूमिका खेल्न सक्छ।

निकटतम शान्ति निर्माणकर्ताहरूलाई साँचो आत्मनिर्भरता प्राप्त गर्नका लागि आवश्यक पर्ने वित्तीय, संस्थागत र व्यवस्थापकीय सीपहरू बिस्तारै विकास गर्न सक्ने दीर्घकालीन र स्थायी सहयोग उपलब्ध गराउनुहोस्।

स्रोतहरू

दीर्घकालमा संस्थालाई कोषको सर्वोत्तम उपयोग गर्ने स्वायत्तता दिने साधारण सञ्चालन सहयोग (GoS) अनुदानहरू प्रदान गर्ने लक्ष्य राख्नुहोस्। यद्यपि, यदि अनुदान पाउने निकायहरूले पहिले कहिल्यै GoS (साधारण सञ्चालन सहयोग) पाएका छैनन् भने, यो उनीहरूका लागि अत्यधिक कठिन र अन्योलपूर्ण हुन सक्छ। अनुदान पाउनेहरूले गोप्य राखिएका वा अस्पष्ट अपेक्षाहरू पूरा गर्नुपर्ने दबाब रहेको बताउँछन्। विश्वास र आपसी पारदर्शिताको आधारमा सम्बन्धको सुरुवात गर्दा, जस्तैः प्रष्ट विवरण भएको परियोजना अनुदानमार्फत, भविष्यमा खुला लगानीको लागि साझा क्षमता र आधार तयार गर्न सकिन्छ। यसका अतिरिक्त, संस्थाहरूलाई समयक्रममा स्वतन्त्र र बलियो बन्नका लागि एउटा मार्ग चाहिन्छ। केही संस्थाहरूसँग स्वयंसेवक वा सेवाशुल्कमा आधारित मोडलहरू छन् जसले उनीहरूको वृद्धिमा मद्दत गर्छ। अन्य संस्थाहरू भने आर्थिक स्वतन्त्रताको प्रक्रिया भर्खरै सुरु गर्दैछन्।

स्थानीय समाधानलाई सहयोग गरी र निकटतम शान्ति निर्माणकर्ताहरूको पहललाई प्रवर्द्धन गरेर स्थानीय शान्ति निर्माणलाई बढावा दिनुहोस्।

जवाफदेहिता

यसका लागि  प्रभावकारी दृष्टिकोणहरू आदानप्रदान गर्ने, अनुसन्धानमा लगानी गर्ने र स्थानीय अवस्थाको जटिलता बुझ्नका लागि विभिन्न पक्षलाई जोड्ने विश्लेषणलाई प्रोत्साहन गर्नु आवश्यक छ। पहिलेदेखि नै, परोपकारी निकायहरू आफ्ना सञ्चालक समितिहरूसँग गोप्य जवाफदेही संरचनामा काम गर्छन् र उनीहरूको सिकाइ, काम गर्ने तरिका र निर्णय लिने प्रक्रियामा बाह्य पारदर्शिता सीमित हुन्छ। यसले गर्दा गलत नव-औपनिवेशिक शक्ति र निर्णय गर्ने तरिका जस्ताको तस्तै रहन्छ। स्थानीय समाधानहरूलाई समर्थन गर्न सहयोगात्मक सिकाइ संरचनाहरूमा परिवर्तन आवश्यक छ।

> “*कोष प्रदायक संस्थाहरू नाम मात्रको सहभागिता बाट माथि उठ्नुपर्छ र निर्णय लिने अधिकार र पहिचान जस्ता शक्तिलाई इमानदारिताका साथ जनस्तरका कार्यकर्ता र सीमान्तकृत समुदायहरूमा हस्तान्तरण गर्नुपर्छ। अधिकांश लगानी परियोजनामा आधारित हुने हुँदा धेरै शान्ति निर्माण निकायहरू स्थायित्वका लागि सङ्घर्ष गरिरहेका छन्।* ***आधारभूत र संस्थागत सहयोग प्रदान गर्दा स्थिरता, योजनाबद्ध विकास र सङ्कटमा राम्रो समाधान दिन सकिन्छ।***”
>
> \- नागरिक समाज संगठन, युगान्डा

## आफ्नो पद र पहुँचको उपयोग गरी शान्तिसम्बन्धी विचार/भाष्यलाई अगाडि बढाउनुहोस् र आफ्नो सफल कार्यहरूको उदाहरण पनि प्रस्तुत गर्नुहोस्।

जवाफदेहिता

परोपकारी संस्थाहरूले मानवीय सुरक्षा र समानुभूतिलाई प्रवर्द्धन गर्ने भाष्यहरू (वा विचारहरू) निर्माण गर्नमा लगानी गर्नुपर्छ। कोष प्रदायक संस्थाहरू (फाउन्डेसन) ले गोप्य रूपमा संस्थाहरूलाई आर्थिक सहयोग गरेका छन्। यो तरिकाले संस्थाहरूलाई सुरक्षित राख्न मद्दत गरे पनि, सफल कामहरू बाहिर आउन सकेका छैनन् वा रिपोर्ट गरिएका छैनन्। परोपकारी संस्थाहरूले प्रणालीको शक्ति सन्तुलन रूपान्तरण गर्नका लागि खुला राजनीतिक अडान लिन र पैरवी गर्न पछी हटेका छन्। आफ्नो स्वतन्त्र कोषका कारण, फाउन्डेसनहरू आफ्नो स्थानको फाइदा उठाउँदै शान्तिका भाष्यहरूको वकालत गर्न र दीर्घकालीन, लचिलो र दिगो लगानीका स्रोतहरूलाई समर्थन गर्न उत्तम स्थितिमा छन्।

# मध्यस्थकर्ताहरू - आईएनजीओ'का लागि सुझाव

शान्ति निर्माणका सबै विविध दृष्टिकोणहरूलाई समावेश गर्नुहोस् र मान्यता दिनुहोस्, विशेषतः ग्लोबल साउथ बाट आएका, जसलाई ऐतिहासिक रूपमा अस्वीकार गरिएको थियो।

सांस्कृतिक/परिवेश सुहाउँदो

समाज र मानिसहरूमा, विशेष गरी गैर-पश्चिमी संस्कृतिहरूमा शान्ति, मेलमिलाप र उपचारका फरक-फरक अवधारणाहरू रहेको स्वीकार्नुहोस्। शान्ति निर्माणका यी सबै विविध विधिहरूलाई आत्मसात गर्नुहोस्, प्रयोगमा ल्याउनुहोस् र तिनको महत्त्वलाई स्वीकार गर्नुहोस्।

> *"अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले आफ्नो भूमिका कार्यकर्ता भन्दा सहजकर्ता र समर्थकमा सीमित गर्दै **परिचालन नियन्त्रणभन्दा ज्ञान र स्रोतसाधनको हस्तान्तरण मा जोड दिनुपर्छ।** स्थानीय स्वामित्व बढाउन र कार्यक्रमको प्रभावकारिता वृद्धि गर्नका लागि, उनीहरूले विशेषतः योजना र निर्णय प्रक्रियाको चरणमा नेतृत्वलाई स्थानीय निकायहरूमा सार्ने काम गर्नुपर्छ।"*
>
> \- स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, इजिप्ट

औपनिवेशिक शासनजस्तो शक्ति संरचनालाई पुनरावृत्ति नदोहोऱ्याउनहोस् र बाह्य एजेन्डाहरूलाई लाद्ने काम नगर्नुहोस्।

निर्णय प्रक्रिया

राम्रो मनसाय भएका बिचौलिया संस्थाहरूले पनि अक्सर बाहिरको योजना लागू गरेर शक्तिको पुरानो संरचनालाई निरन्तरता दिएका छन्। यसले गर्दा द्वन्द्वग्रस्त क्षेत्रका संस्थाहरूभन्दा 'ग्लोबल नर्थ'का संस्थाहरूले बढी अधिकार र निर्णय गर्ने क्षमता पाएको छ। देशका कार्यालयहरूको नेतृत्व राष्ट्रिय नागरिकहरूले गरे पनि, मुख्य निर्णयहरू र बोर्डका सदस्यहरू प्रायः ग्लोबल नर्थमा केन्द्रित हुन्छन्। मध्यस्थकर्ताको भूमिकामा अझ बढी नम्रताको आवश्यक छ। स्थानीय नेतृत्वको अधिकार, विद्यमान शान्ति संयन्त्र र उपचारका परम्पराहरूलाई नचाहँदा नचाहँदै असर गर्नबाट बच्नका लागि उनीहरूले त्यो ठाउँको अवस्थाबारे गहन अध्ययन गर्नुपर्छ। अवसर प्राप्त हुँदा, उनीहरूले 'कुनै परियोजनाको कार्यान्वयनले कसको हितलाई प्राथमिकता दिन्छ?' भन्ने प्रश्न उठाउनैपर्छ। के सङ्कलन गरिएको तथ्याङ्क अर्थपूर्ण रूपमा प्रयोग हुनेछ? शान्तिको भाष्य वा परिवर्तनका कथाहरूलाई कसले नियन्त्रण गर्नेछ? के स्वामित्व र बौद्धिक सिर्जनामा सबैको समान अधिकार हुनेछ? मध्यस्थकर्ताहरूले आफ्नो पूर्वाग्रह बुझ्नको लागि समय निकाल्नुपर्छ। सबै पक्षहरूले शक्तिको गतिशीलतालाई स्वीकार्दै आफ्नो अधिकार कम गर्नुपर्छ र स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय परिवर्तनका लागि आफ्नो पहुँचलाई प्रयोग गर्नुपर्छ।

## शक्तिको असमानतालाई सम्बोधन गर्न संस्थागत अभ्यास र संस्कृतिलाई परिवर्तन गर्नुहोस्।

निर्णय प्रक्रिया

स्थानीय ज्ञानलाई प्राथमिकता दिन र सामुदायिक नेताहरूलाई बाहिर पार्न सक्ने पश्चिमी मापदण्डका योग्यताहरू **(**शैक्षिक उपलब्धि**,** व्यावसायिक प्रभाव**,** वर्ग सुविधा**)** को आधारमा मात्र कर्मचारी भर्ना गर्ने नीति तथा अभ्यासहरूलाई अद्यावधिक र परिमार्जन गर्नुहोस्। संस्थाको हरेक तहमा युवा र महिला नेतृत्वलाई प्राथमिकता दिनुहोस्। सञ्चालक समितिमा संस्थाले काम गर्ने विश्व क्षेत्रहरूको प्रतिनिधित्व गरेको सुनिश्चित गर्नुहोस्। द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको समावेशिता सुनिश्चित गर्न निर्णय प्रक्रियालाई विकेन्द्रीकरण गर्नुहोस्।

## क्षमता र बलियो पक्षलाई हेरेर जिम्मेवारीलाई बराबरी बाँड्ने मार्गदर्शनमा आधारित प्रणालीतर्फ सर्नुहोस्।

सम्बन्धहरू

विगतमा**,** धेरै मध्यस्थकर्ताहरूले पहुँच नपुग्ने क्षेत्रहरूमा मुख्य गतिविधिहरू लागू गर्नका लागि निकटतम शान्ति निर्माणकर्ताहरू र उनीहरूका सञ्जालमाथि निर्भर रहने गर्थे। हरेक साझेदारी फरक भए पनि**,** धेरैजसो निकटतम शान्ति निर्माणकर्ताहरूले साझेदारहरूबीचको शक्तिको असन्तुलनलाई औँल्याएका छन्। निकटतम शान्ति निर्माणकर्ताहरूमा कार्यान्वयनकर्ता मात्र नभई रणनीतिक सहयोगीको रूपमा नेतृत्व गर्ने र मान्यता पाउने चाहना छ। उनीहरूलाई परियोजनाको खाका तयार पार्ने**,** दाताहरूसँग कुरा गर्ने र साझेदारी समूहहरूको नेतृत्व गर्ने सहित सबै निर्णयहरूमा समावेश गरिनुपर्छ। उनीहरू पूरक सीपहरू आवश्यक पर्ने मेन्टरशिपमा आधारित साझेदारी र अवसरहरू चाहन्छन्। मध्यस्थकर्ताहरू स्रोतसाधन परिचालन गर्न**,** र वित्तीय व्यवस्थापन**,** अनुपालन तथा कार्यक्रम अनुगमनमा नेतृत्व गर्नका लागि उपयुक्त स्थानमा सक्षम छन्। मध्यस्थकर्ताहरूले स्थानीय शान्ति निर्माणकर्ताहरूमाथि प्रशासनिक बोझ नथोपरी**,** विदेशी सहायता प्रणालीको सुधारका लागि सहकार्यमा जोड दिनुपर्छ।

> “*स्थानीय गैर-सरकारी संस्थाहरूलाई उप-ठेकेदारको सट्टा* ***परिवर्तनको सह-नेतृत्वकर्ता*** *मान्नेबित्तिकै सच्चा साझेदारीको थालनी हुन्छ।*”
>
> \- स्थानीय राष्ट्रिय शान्ति निर्माण संगठन**,** प्रजातान्त्रिक गणराज्य कंगो (DRC)

*आईएनजीओहरूलाई याँ रूप दिने समय आएको छ - अहिलेको परिवेशमा मध्यस्थकर्ताको **रूपमा रहनेयो अवधारणा अव्यवहारिक भइसकेको छ।** अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले शान्ति निर्माणका लागि काम गर्ने मानिसहरूलाई सशक्तिकरण गर्न आफूलाई ठूलो उपलब्धिका लागि काम गर्ने सञ्जाल वा प्लेटफर्मको रूपमा विकसित गर्नुपर्छ। अन्तर्राष्ट्रिय स्तरमा काम गर्ने संस्थाहरूले एकसाथ मिलेर ठूलो राजनीतिक शक्ति बनाउन सक्छन्। यसो गर्दा आवाजहरूलाई माथिल्लो तहमा पुऱ्याउने मात्र नभई, विश्वभरिका र राष्ट्र-राष्ट्रबीचका द्वन्द्वका कारण सल्टाउन साझा उद्देश्यका लागि मानिसहरूको सञ्जाल तयार हुन्छ।*

- अन्तर्राष्ट्रिय संगठन (INGO), संयुक्त राज्य अमेरिका

## आफ्नो शक्ति र विशेषाधिकारको प्रयोग गरी निकटतम शान्ति निर्माणकर्ताहरूमाथिको जोखिम कम गर्नुहोस् र आफ्नै देशका सरकारहरूसँग शान्तिका योजनाहरूको पैरवी गर्नुहोस्।

जवाफदेहिता

मध्यस्थकर्ताहरूले राष्ट्रिय कर्मचारीहरूसँगको परामर्शमा वकालत रणनीतिहरू सिर्जना गर्न आफ्नै शक्ति र प्रभाव प्रयोग गर्नुपर्छ। शान्तिको संस्कृतिलाई अगाडि बढाउँदै सबै सरकारहरूसँग उत्तरदायित्व स्थापित गर्नका लागि विश्वव्यापी रूपमा वकालत रणनीतिहरू कार्यान्वयन गर्नुपर्छ। सामूहिक शक्ति बढाउन र सूचनाको आदानप्रदान गर्नका लागि सञ्जालबद्ध शान्ति निर्माणकर्ताहरूको विकास र सिकाइलाई समर्थन गर्नुहोस्। निकटतम शान्ति निर्माणकर्ताहरू जोखिममा हुँदा सुरक्षाका उपायहरू खोज्न आफ्नै सञ्जाल र सम्पर्कभित्र काम गर्नुहोस्। मानव अधिकार र अन्तर्राष्ट्रिय नियम तोड्ने व्यक्ति/निकाय जो कोही भए पनि, राजनीतिक रूपमा विरोध जनाउनुहोस्। शान्ति निर्माण एक राजनीतिक कदम हो र यसका लागि कारबाही आवश्यक छ।

*आईएनजीओहरूले स्थानीय सङ्गठनहरूसँग **स्थानीय सङ्गठनहरूसँग अझ बढी न्यायोचित र सहयोगात्मक सम्बन्धलाई** प्राथमिकता दिन अनिवार्य छ। उनीहरूलाई परियोजना लागू गर्ने व्यक्ति मात्र नभई रणनीतिक सहयोगीको मान्यता दिनुपर्छ र उनीहरूको विचारलाई निर्णय निर्माणमा समावेश गर्नुपर्छ।*

- स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, कोलम्बिया

## ओभरहेड खर्चसमेत समेट्ने गरी स्थानीय संस्थाहरूलाई बढी स्रोतको विनियोजन सुनिश्चित गर्नुहोस्।

स्रोतहरू

निकटतम शान्ति निर्माणकर्ताहरूसँग मुख्य गतिविधिहरू कार्यान्वयन गर्ने र दिगो नतिजाहरू ल्याउने जिम्मेवारी भए तापनि उनीहरूका संस्थाहरूमा प्रायः पर्याप्त लगानी हुँदैन। परियोजना वा कार्यक्रमहरूले अक्सर कार्यान्वयन र आंशिक तलब खर्च मात्र बेहोर्छन्। गतिविधिहरूको सञ्चालनलाई सहयोग पुर्याउने गरी साम्य नीतिहरू बनाउनुहोस् र स्थानीय शान्ति निर्माणकर्ताका निकायहरूलाई निष्पक्ष स्रोत बाँडफाँड गर्ने प्रतिबद्धता गर्नुहोस्।

# शान्ति निर्माणकर्ताहरूका लागि सुझाव

शान्ति निर्माणकर्ताहरूले विभिन्न प्रकारका पक्षहरूलाई समेट्छन्। यी सुझावहरू तल्लो तहदेखि क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्मका सबै शान्ति निर्माणकर्ताहरूका लागि उपयोगी छन्। यी सुझावहरू विश्वभरका शान्ति निर्माणकर्ताहरूले, विश्वभरका शान्ति निर्माणकर्ताहरूका लागि नै बनाएका हुन्। छलफलको क्रममा, शान्ति निर्माणकर्ताहरूले व्यवस्थामा तेर्सो र ठाडो दुवै खालको समन्वयको आवश्यकतामा जोड दिए। यी सम्बन्धहरूले शान्ति निर्माणबाट संस्थागत स्रोत निकाल्न थालिएको (लगानी घटाइएको) अवस्थामा पनि सहकार्य, अन्तरसम्बन्धित कार्य र सामूहिक शक्ति निर्माणलाई बढावा दिन मद्दत गर्छन्।

### स्थानीय आवश्यकताहरू पूरा गर्ने गरी रिवेश र संस्कृति सुहाउँदो समाधानहरूलाई प्रोत्साहन र विकसित गर्नुहोस्।

सांस्कृतिक/परिवेश सुहाउँदो

शान्ति निर्माणका कार्यक्रमहरू प्रायः द्विपक्षीय दाताहरूद्वारा डिजाइन गरिन्छ र प्रस्ताव आह्वानहरू मार्फत सबैलाई बताइन्छ नयाँ पहलहरू बृहत् दृष्टिकोणको हुनुपर्छ र विद्यमान सामुदायिक अभ्यासहरू तथा व्यक्ति एवं समुदायले गरेका कामहरूमा आधारित हुनुपर्छ। स्थानीय सृजनशीलता र नवीन क्षमतालाई बढावा दिनुपर्छ। द्वन्द्व प्रभावित समुदायहरूको डिजाइन, कार्यान्वयन र मूल्याङ्कन लगायतका सबै निर्णय प्रक्रियामा सक्रिय सहभागिता हुनुपर्छ।

### शान्ति निर्माणलाई विकास र आर्थिक उन्नतिपनि समेट्न सक्ने सामुदायिक सुरक्षाको अवधारणासँग जोड्नुहोस्।

सांस्कृतिक/परिवेश सुहाउँदो

गरीबी, बेरोजगारी र जीविकोपार्जनको अभावले द्वन्द्वको आधारभूमि तयार गर्छ।  पर्याप्त परिवर्तन नहुनुले व्यक्तिहरूलाई हिंसात्मक सङ्गठनहरूमा आकर्षित गर्न सक्छ। शान्ति निर्माणको कामलाई आयमूलक गतिविधिहरूमा समावेश गरेर, आर्थिक सुरक्षा र सामुदायिक सहनशीलतालाई बढावा दिन सकिन्छ। हरेक समुदायका लागि शान्ति र सुरक्षा कस्तो हुन्छ भन्ने कुरा बुझ्नुहोस् र समुदायहरूलाई अझ सुरक्षित बनाउनका लागि बृहत् गठबन्धनसँग मिलेर काम गर्नुहोस्। सामुदायिक सूचकहरूको विकास र मापनका लागि विद्यमान कार्यविधिहरूमा टेकेर अगाडि बढ्नुहोस्।[19]

### समुदायहरूले निर्णय प्रक्रिया र कार्यक्रम सञ्चालनको नेतृत्व दिने प्रक्रियाहरू डिजाइन गरेर उनीहरूप्रति उत्तरदायी बन्नुहोस्।

निर्णय प्रक्रिया

स्थानीय विवाद र लैङ्गिक गतिशीलतालाई ध्यानमा राखेर, निरन्तर सुधारको लागि पारदर्शी र दुईतर्फी प्रतिक्रिया संयन्त्रको स्थापना गर्नुहोस्। कार्यक्रमको समयरेखाबारे पारदर्शी जानकारी दिनुहोस्। दीर्घकालीन प्रभावका लागि शुरुआतदेखि नै अपनत्व र दिगोपनलाई प्राथमिकता दिनुहोस्।

## सबै प्रकारका आवाजहरूलाई सुन्न र निर्णय निर्माणमा प्रभाव पार्न सक्ने गरी समावेशी मञ्च र कार्यविधिहरूको स्थापना गर्नुहोस्।

निर्णय प्रक्रिया

धेरैजसो समाजमा पुरुषहरूको शक्तिमा असमान पहुँच निरन्तर कायम छ। महिला, युवा र द्वन्द्वबाट बचेका पीडितहरूमा शक्ति र निर्णय गर्ने अधिकारको कमी छ, तर पनि दीर्घकालीन शान्तिका लागि उनीहरूको आवाज अत्यावश्यक छ। महिला र हिंसाका पीडितहरूले द्वन्द्वपछि के हुन्छ भन्ने विषयमा खास र महत्त्वपूर्ण बुझाइ राख्छन्। यद्यपि, उनीहरूको यी आवाजहरू प्रायः दबाइन्छ। अपाङ्गता भएका व्यक्ति र आदिवासी जनजातिसहितका सीमान्तकृत जनसङ्ख्याहरूलाई प्रायः प्रक्रियाहरूमा समावेश गरिँदैन वा उनीहरूले अन्तिम नीतिगत वा द्वन्द्व समाधानका निर्णयहरू लिन पाउँदैनन्। पूर्ण रूपमा सहभागी हुनका लागि मानिसहरूलाई प्रायः तालिम र सहयोग आवश्यक पर्छ। शान्ति निर्माणकर्ताहरूले पुर्ख्यौली सामुदायिक अभ्यासहरू र व्यक्तिगत शहरी जीवनशैली बीच ठूलो खाडल रहेको महसुस गरे। यो खाडलले गर्दा आघातको उपचार र व्यवस्थापनमा समस्या आउँछ।

> ***दाताहरूले पहिले सुन्नुपर्छ।*** *समुदायले नै समस्या कहाँ छ, केले अवस्था सुधार्छ र केले बिगार्छ भन्ने कुरा राम्रोसँग बुझेका हुन्छन्। जनताको कुरा सुन्नुहोस् र ग्रासरूट अभियानहरू, खासगरी महिला, युवा तथा पछि पारिएका समूहहरूलाई सहभागी गराउनुहोस्। उनीहरूबाट राय लिने मात्र होइन; निर्णयको नेतृत्व पनि उनीहरूले नै गर्नुपर्छ।*
>
> \- समुदायमा आधारित निकाय वा नागरिक समाज संस्था, प्यालेस्टाइन

## प्रभाव बढाउनका लागि गैर-परम्परागत पक्षहरूलाई समावेश गरेर सरोकारवालाहरू र कार्यान्वयनकर्ताहरूको बृहत् गठबन्धन निर्माण गर्नुहोस्।

सम्बन्धहरू

द्वन्द्वको मूल कारणहरूलाई सम्बोधन गर्नका लागि शान्ति निर्माणकर्ताहरूले शिक्षा, स्वास्थ्य सेवा र कानून जस्ता क्षेत्रका अरू समूहसँग गठबन्धन खोज्न आवश्यक छ। यी सञ्जालहरू कानूनी संरचना वा स्वास्थ्यसम्बन्धी असमानतालाई सम्बोधन गर्न अपरिहार्य छन्। उनीहरू एउटै ठाउँमा बस्ने मानिसहरूको समान अधिकारका लागि कानूनलाई बदल्ने र त्यसलाई नियममा ढाल्ने काममा पनि लाग्न सक्छन्।

## तत्कालको उपलब्धिभन्दा स्थायी र फराकिलो प्रभाव ल्याउने शान्ति निर्माणका परियोजनाहरूलाई प्राथमिकता दिनुहोस्।

स्रोतहरू

व्यक्तिगत तथा सामुदायिक कल्याण र शान्ति स्थापनाका लागि, शान्ति निर्माणकर्ताहरूले छोटो अवधिको परियोजनालाई त्यागी सामूहिक र दीर्घकालीन कार्यक्रमहरूमा लगानी गर्नुपर्छ। यसको अर्थ वैकल्पिक दीर्घकालीन र लचिलो लगानीका स्रोतहरूलाई एकीकृत गर्नु वा विभिन्न क्षेत्रका सहकार्य मार्फत परिवर्तनलाई संस्थागत गर्नु हुन सक्छ।


> "*व्यक्ति (युवा)लाई* ***पुर्ख्यौली चलनहरूसँग जोडिन सघाउनुपर्छ,*** *पश्चिमी द्वन्द्व समाधानका तरिकाहरू मात्र थोपर्ने प्रयास गर्नु हुँदैन। हामी उनीहरूसमक्ष अन्य अभ्यासहरूबारे जानकारी पुऱ्याउँछौं।*"
>
> \- मध्यस्थकर्ता (INGO), ग्वाटेमाला

## स्थानीय स्तरमा सिर्जना गरिएका ज्ञान, विचार र प्रणालीहरूलाई नियमित रूपमा विश्वव्यापी स्तरमा साझा गर्नुहोस्।

जवाफदेहिता

शान्ति निर्माणकर्ताहरू प्रत्यक्ष रूपमा आफ्ना समुदायहरूसँग जोडिएका हुन्छन्। उनीहरूसँग भएको ठूलो अनुभव र ज्ञान संसारभरका अरू शान्ति निर्माणकर्ताहरूका लागि उपयोगी हुन सक्छ। पहुँचयोग्य माध्यमबाट नियमित रूपमा जानकारी आदानप्रदान गरिनुपर्छ। प्रगति र नतिजाहरूलाई अभिलेखमा राख्ने अनुगमन तथा सिकाइ प्रणाली लागू गर्ने जिम्मा शान्ति निर्माणकर्ताहरूको हुन्छ। द्रुत विश्लेषणले सही निर्णय लिन मद्दत गर्छ र अन्य शान्ति निर्माणकर्ताहरूबाट पाएको सिकाइलाई आत्मसात गर्न सहयोग गर्छ।

# निष्कर्ष



यो सहभागिताको ढाँचामा सम्बन्ध र शक्ति सन्तुलनमा परिवर्तन ल्याउनका लागि आवश्यक बाटाहरू उल्लेख गरिएका छन्। यसमा निर्णय लिने व्यक्ति, सङ्गठन र शान्ति स्थापनामा काम गर्ने सबैका लागि सुझावहरू दिइएका छन्। यसको कार्यान्वयन हरेक सरोकारवाला निकायका लागि भिन्न-भिन्न हुनेछ। कतिपयको लागि, यसले विद्यमान अभ्यासहरूलाई बलियो र सुदृढ बनाउने माध्यम बन्न सक्छ, भने अन्यको हकमा यसले उनीहरूले नजिकका शान्ति निर्माणकर्ताहरू र अन्तर्राष्ट्रिय प्रणालीसँग संलग्न हुने तरिकामा नै आधारभूत पुनर्विचार गर्नुपर्ने आवश्यकता सिर्जना गर्नेछ। केही व्यक्तिहरूले त यो ढाँचालाई आफ्नो दर्शनसँग मेल नखाने वा निष्पक्षता र 'को विशेषज्ञ हो' भन्ने पुरानो धारणा बोकेका शान्ति निर्माण अवधारणाहरूका लागि अत्यधिक विघटनकारी भन्दै खारेज गर्न सक्छन्। यद्यपि, यो प्रतिरोध आफैँमा परिवर्तनको आवश्यकतालाई पहिचान गर्ने एउटा महत्त्वपूर्ण पहिलो कदम बन्न सक्छ। जे होस्, आजको संसारमा परिवर्तन अपरिहार्य छ।

नयाँ विदेशी सहायता प्रणालीले आकार लिँदै गर्दा, सबै पक्षहरूमाथि आफ्ना कामहरूको उत्तरदायित्व ग्रहण गर्ने र आफ्नो प्रभावको सीमाभित्र रहेर अहिंसात्मक पात्रहरूलाई सहयोग गर्ने जिम्मेवारी छ। आपसी जवाफदेहिताको माध्यमबाट मात्र शान्ति निर्माणलाई अझ व्यापक रूपमा लागू गर्न र दिगो बनाउन सकिन्छ।

विगतमा, कोष प्रदायक संस्थाहरू (फाउन्डेसन) ले तयार पारेका प्रतिवेदन र प्रकाशनहरू प्रायः प्रयोगमा नआई थन्किएर बस्थे। Humanity United ले यो परिवर्तनशील समयमा शान्ति निर्माणको नयाँ दर्शनलाई कार्यान्वयन गर्न खोज्ने साझेदारहरूलाई सहयोग गर्न र संवादलाई जारी राख्न यो सुन्ने पहलको नेतृत्व गरेको हो। आफ्नो **2023** शान्ति निर्माण रणनीति मा स्पष्ट भएझैँ र यो प्रक्रिया आयोजना गरेर हामी काममा बदल्न सकिने संवादका लागि अवसरहरू सिर्जना गर्ने आफ्नो प्रतिबद्धतालाई निरन्तरता दिन्छौँ।

> “***साँच्चै नै अधिकार बाँडिएको सहकार्य एक खुला पाना जस्तै हो*** *- सबैलाई यो कथाको सुरुवात, यो कसरी अगाडि बढ्नेछ र यसको सम्भावित अन्त्यबारे थाहा हुन्छ।*”
>
> \- राष्ट्रिय मध्यस्थकर्ता पक्ष, इन्डोनेसिया

# आभार

'शान्तिको बाटो' (A Pathway to Peace) हरेक दिन अहिंसात्मक माध्यम बाट शान्ति र सामाजिक न्यायलाई अगाडि बढाउन काम गर्ने **135** जना निकटतम शान्ति निर्माणकर्ता र सहयोगीहरूको सुझावको आधारमा तयार पारिएको थियो। शान्ति निर्माणकर्ताहरू नेतृत्व लिन, सबल र निडर बन्न प्रतिबद्ध छन्। उनीहरू दृढतापूर्वक काम गर्दै व्यवस्थागत उत्पीडनलाई हटाइरहेका छन्। हामी उनीहरूको विवेक, कडा परिश्रम र शान्तिप्रतिको अविचलित समर्पणको उच्च प्रशंसा गर्दछौं।

हामी **6** देशका नौ जना स्टीयरिङ कमिटी सदस्यहरूप्रति विशेष आभारी छौं: कोलम्बिया, इथियोपिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो, नेपाल, सुडान र पाकिस्तान। विदेशी सहायता प्रणालीको परिवर्तनशील वास्तविकताहरूसँग जुध्दै र सक्रिय हिंसात्मक द्वन्द्वहरूको चुनौती सहँदै पनि, हाँहरूले नौ महिनासम्म गहन छलफल र विचार विमर्शमा समय दिनुभयो। उहाँहरूको नेतृत्व र समर्पणले यो ढाँचालाई सम्भव बनायो।

Humanity United ले सुरक्षा र खुला तथा इमानदार संवादको वातावरण सिर्जना गर्ने आफ्नो प्रतिबद्धता कायम राख्दै, यो ढाँचामा सहभागी संस्थाहरू वा व्यक्तिहरूको नाम जानी-जानी समावेश गरेको छैन। सहभागीहरूका प्रत्यक्ष भनाइहरूमा भने, सन्दर्भ बुझाउनका लागि, भौगोलिक स्थान समावेश हुन सक्छ।

Humanity United को आर्थिक लगानीमा यो सहभागिता ढाँचा तयार भएको हो र यसलाई कोरिए वाल्श, भेनेसा कोर्लाज्जोली (स्वतन्त्र परामर्शदाता), हेवान अरेया, सबीहा खान, र रोक्साना पेरेजले सहयोग गर्नुभएको थियो।

**उद्धरण**

Humanity United शान्तिको बाटो: शान्ति निर्माणको आगामी विकासका लागि सहभागिताको ढाँचा। सेप्टेम्बर 2025

सहभागिताको ढाँचासम्बन्धी कुनै पनि जिज्ञासा भएमा, यहाँ सम्पर्क राख्नुहोस्: peacebuilding@humanityunited.org

Humanity United को शान्ति निर्माणसम्बन्धी कामबारे थप जान्नका लागि:
Humanity United को शान्ति निर्माण रणनीति **(2023)**

HUMANITY UNITED

# समापन टिप्पणी

[1] आपसी जवाफदेहिताको परिभाषाको स्रोत: विश्वासमा आधारित परोपकार योजना। "शब्दावली र वाक्यांशहरूको सूची: विश्वासमा आधारित परोपकारमा बारम्बार प्रयोग हुने।" यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। निकटतम शान्ति निर्माणकर्ताको परिभाषा Humanity United बाट लिइएको हो। "शान्ति निर्माण रणनीति: संकटपूर्ण अवस्थामा शान्तिको लागि स्रोत व्यवस्थापन।" सेप्टेम्बर 2023 यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[2] राले, किओनाड र कटायुन किशी। "द्वन्द्व सूचकाङ्क।" ACLED. डिसेम्बर 2024। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[3] हालैका लेनदेनमा आधारित र छोटो अवधिका सहमतिहरू मा इजरायल-गाजा (2023-2025), युक्रेन-रुस (2020-2025), इजरायल-इरान (2023-2025), र प्रजातान्त्रिक गणतन्त्र कङ्गो (2025) समावेश छन्।

[4] Humanity United. "सर्वेक्षणको संक्षिप्त विवरण: सङ्कटको अवस्थामा शान्ति स्थापना"। सेप्टेम्बर 9, 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[5] संस्थाहरूमा निम्न समावेश छन्: 5 सामुदायिक-आधारित वा नागरिक समाज संस्था, 4 स्थानीय राष्ट्रिय शान्ति निर्माण संस्था, 3 अभियन्ता, 1 अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था (INGO), र 1 (अज्ञात)। निम्न राष्ट्रका संस्थाहरू र कार्यकर्ताहरू अध्ययनमा सहभागी थिए: प्रजातान्त्रिक गणतन्त्र कङ्गो, माली, सियरा लियोन, थाइल्यान्ड, युगान्डा, युनाइटेड किङ्गडम, संयुक्त राज्य अमेरिका, र यमन।

[6] Humanity United. "सर्वेक्षणको संक्षिप्त विवरण: सङ्कटको अवस्थामा शान्ति स्थापना। सेप्टेम्बर 9, 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। र शान्तिपूर्ण परिवर्तन। "शान्तिपूर्ण परिवर्तन पहल 2025 को अन्त्यमा समाप्त हुँदैछ।" यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[7] हार्डी मेरिमन, जिनो गोभेन्डर, स्टेवार्ड मुहिन्दो, ओला इब्राहिम, हान्या मोहम्मद, श्रीन सरूर, भेरोनिक डुडुएट। "आम मानिसको शान्ति स्थापना: अभियन्ताहरू, शान्ति निर्माणकर्ताहरू र सहयोगीहरूको भूमिका"। अहिंसात्मक द्वन्द्व सम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र। 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। नागरिक समाजका आन्दोलनहरूको उदाहरणहरूका लागि कृपया 'अहिंसात्मक द्वन्द्व सम्बन्धी अन्तर्राष्ट्रिय केन्द्र' को 'माइन्ड्स अफ द मुभमेन्ट (Minds of the Movement) ब्लग (2025) मा जानुहोस्। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[8] संयुक्त राष्ट्र। "सियरा लियोनमा शान्ति निर्माणका सफलताहरूमध्ये 100 जना महिलाले संसद र स्थानीय परिषदको सिट हासिल गरे।" अप्रिल 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[9, 10] विश्व बैंक। "अस्थिरता, द्वन्द्व र हिंसा: सिंहावलोकन।" जुन 19, 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[11] मुएलर, हान्नेस र क्रिस्टोफर राउह, बेन्जामिन आर. साइमन, राफेल ए. एस्पिनोजा। "द्वन्द्व रोकथामको अत्यावश्यकता – बृहत् अर्थतन्त्रको नजरमा।" अन्तर्राष्ट्रिय मुद्रा कोषको अनुसन्धान पत्रहरू। डिसेम्बर 20, 2024। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[12]इन्स्टिच्युट फर इकोनोमिक्स एण्ड पिस। "शान्तिको अर्थशास्त्र।" यहाँउपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[13]अन्तर्राष्ट्रिय सतर्कता। "शान्ति निर्माणका लागि स्थानीयकरणका ठोस कार्यशैलीहरू।" डिसेम्बर 2024। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। र शान्ति प्रत्यक्ष। "स्थानीयकरण र उपनिवेशवादको अन्त्य: परिवर्तन ल्याउने फरकपना।" अक्टोबर 2022। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। र, रोबिलार्ड, सबिना, किमबर्ली होव, र कटायुन रोसेनस्टक। "फरक-फरक परिवेशमा स्थानीयकरण: चारवटा अध्ययनबाट प्राप्त अनुभव।" फेन्सटाइन अन्तर्राष्ट्रिय केन्द्रको संक्षिप्त विवरण जुलाई 2020। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[14] ICVA. "न्यायोचित साझेदारी र स्थानीयकरण। 'ग्र्याब एण्ड गो' पकेट गाइड।" अप्रिल 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको। र बार्बेलेट, भेरोनिक र जेम्मा डेभिस, जोसी फ्लिन्ट र एलेनोर डेभी। "मानवीय सहायताको स्थानीयकरणसम्बन्धी तथ्य/आधारहरूको समीक्षा र परीक्षण।" जुन 2021। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[15] सबिना रोबिलार्ड, टेडी एटिम, ड्यानियल म्याक्सवेल। "स्थानीयकरण: 'परिदृश्य' प्रतिवेदन। बोस्टन, एमए: फेनस्टाइन इन्टरनेसनल सेन्टर, टफ्ट्स विश्वविद्यालय, 2021।" यहाँ उपलब्ध छ। 2025 सेप्टेम्बर 9 मा प्राप्त गरिएको। र राना बी. खौरी, एमिली के. एम. स्कट। "स्थानीयकरणले शक्ति हस्तान्तरण गर्दैन। यसले अन्तर्राष्ट्रिय प्रभुत्वलाई झन् गहिरो बनाउँछ।" द न्यु ह्युम्यानिटेरियन 23 जुलाई 2025। यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[16]विश्वासमा आधारित परोपकार योजना। "शब्दावली र वाक्यांशहरूको सूची: विश्वासमा आधारित परोपकारमा बारम्बार प्रयोग हुने।" यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[17] Humanity United ले 'सहयोगको मोडेल' लाई "साझेदारहरूको आफ्नै दृष्टिकोणको पर्याप्तता, क्षमता र शक्ति लाई बलियो बनाउने गरी उनीहरूसँग धेरै वर्षसम्म साथ हिंड्ने दीर्घकालीन प्रतिबद्धता" को रूपमा परिभाषित गरेको छ।" विस्तृत जानकारीका लागि: Humanity United मा जानुहोस्। "हाम्रो पहल।" यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[18] विश्वासमा आधारित परोपकार योजनाले परोपकारी संस्थाहरूलाई विश्वासको जगमा सहकार्य गर्न मद्दत पुऱ्याउने 6 वटा चरणहरू को रूपरेखा तयार पारेको छ। यी कदमहरूले परोपकारी संस्थाहरूलाई विश्वासमा आधारित साझेदारी विकास गर्न मद्दत गर्छन्: (1) धेरै वर्षका लागि, कुनै सर्त नराखी लगानी प्रदान गर्नुहोस् (2) तयारी (अनुसन्धान) पूरा गर्नुहोस् (3) कागजी कामलाई सरल र व्यवस्थित गर्नुहोस् (4) पारदर्शी र उत्तरदायी हुनुहोस् (5) प्रतिक्रिया (सुझाव) माग्नुहोस् र त्यसअनुसार काम गर्नुहोस् (6) आर्थिक सहयोगभन्दा बाहिरको समर्थन पनि उपलब्ध गराउनुहोस् विश्वासमा आधारित परोपकार योजना। "अनुदान वितरणका 6 अभ्यासहरू" यहाँ उपलब्ध छ। सेप्टेम्बर 09, 2025 मा प्राप्त गरिएको।

[19] सहभागितामूलक मापन विधिहरूको उदाहरणका लागि, 'एभ्रिडे पीस इन्डिकेटर्स' (Everyday Peace Indicators) को कार्यविधि हेर्नुहोस्, जस्तै: अफगानिस्तानमा सूचक विकास यहाँ वा समावेशी सुदृढता फ्रेमवर्क।